# पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि
# २०७४

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय

## प्रस्तावना

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपन्छीपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यावसायीक बनाउंदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजनाका लागि जिल्ला, क्षेत्र र केन्द्रीयस्तरबाट संचालन हुने पशुपंक्षी वजार प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन हुन सकोस् भन्ने अभिप्रायले पशुपंक्षी विकास मन्त्रालयको प्रतिबद्धता अनुरुप व्यवसायीकता तथा नेपाल सरकारको पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रमलाई सहज, सरल, प्रभावकारी, पारदर्शी र व्यवस्थित रुपमा संचालन गर्न नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयले "पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४" जारी गरेको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम ***पशुपंन्छी वजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४***हुनेछ ।

ख) यो कार्यविधि पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

( क)मन्त्रालय भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ख)"सम्वन्धित कार्यालय" भन्नाले पशुपंक्षी वजार प्रवर्द्धन कार्यक्रम संचालनको अख्तियारी प्राप्त कार्यक्रम निर्देशनालय,क्षेत्रिय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा सवन्वय तथा ७४४ वटा स्थानिय तहहरुसमेत सम्झनु पर्दछ ।

(ग) "साझेदार" भन्नाले पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रमकोलागत सहभागितामा सन्चालन गर्नका लागी ईच्छुक स्थानिय निकाय,सहकारी संघसंस्था र निजि क्षेत्र समेतलाई जनाऊँदछ ।

(घ) "साझेदारी" भन्नाले पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालनका लागिदुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा सरकारी एवं गैरसरकारी क्षेत्र बिच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाऊँदछ ।

(ङ) "गैर सरकारी क्षेत्र" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह/समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यावसायिक संगठन, फर्म, कम्पनी एवं निजी उद्यमी समेतलाई जनाउँदछ ।

(च) "द्विपक्षिय/वहुपक्षियसम्झौता" भन्नाले सम्वन्धित कार्यालय र साझेदारहरुका बिच पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागी गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(छ) "पशु संकलन केन्द्र" भन्नाले पशु उत्पादन पकेट क्षेत्र आसपास पायक पर्ने गरि पशुहरु जम्मा गरी बिक्री बितरण गर्ने उद्देश्यले निर्माण र संचालन गरिने संरचना सम्झनु पर्दछ ।

(ज) "चिलिङ्ग भ्याट" भन्नाले दूधलाई चिसो बनाएर संरक्षण गरी राख्न मिल्ने सुविधायुक्त विभिन्न क्षेमताको स्टिलको भ्याट (ट्यांकी) सम्झनु पर्दछ ।

(झ) "मासु पसल" भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय मासु तथा मासुजन्य उत्पादनहरु विकि वितरण गर्ने हेतुले पशु बधशाला तथा मासु जांच ऐन २०५५ , नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ ले निर्दिष्ट गरे अनुसारको मासु बिक्री स्थल सम्झनु पर्दछ ।

(ञ) "डेरी पसल" भन्नाले उपभोक्तालाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय दूध तथा दुग्धजन्य उत्पादनहरु विक्री वितरण गर्ने उद्देश्ले यस कार्याविधि बमोजिम निर्माण/सुधार गरिएको दूध वा दुग्धजन्य पदार्थ बिक्री स्थल सम्झनु पर्दछ ।

(ट) "पशु हाटबजार" भन्नाले प्रशोधित वा अप्रशोधित पशु पन्छी तथा पशुपन्छीजन्य उत्पादनहरु खरीद विक्रि गर्ने उद्देश्यले यस निर्देशिका वमोजिम निर्माण/सुधार हुने स्थान वा संरचना सम्झनु पर्दछ ।

(ठ) “पशुपंन्छी” भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा,बाखा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की जस्ता पंक्षी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाऊँदछ।

(ड)“पशुपंक्षीजन्य उत्पादन” भन्नाले पशुपंक्षी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दूध, फुल, मासु वा सोबाट तयार हुने उपभोग्य खाद्यपदार्थहरुका अतिरिक्त पशुपंक्षीको छाला, ऊन, हाड र सोबाट तयारहुने बस्तु समेतलाई जनाऊँदछ।

(ढ)“सहकारी” भन्नाले सहकारी ऐन, २०४८ अनुसार गठीत सहकारी संस्थालाई सम्फनु पर्दछ।

(ण)“प्रस्ताव” भन्नाले साफेदारीमा पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालन गर्नको लागि आवश्यकता अनुसार साफेदारले पेश गरेको विस्तृतलागत अनुमान सहितको कार्य विवरण सम्फनु पर्दछ।

(त)“पशु बधशाला/बधस्थल” पशु बधशाला तथा मासु जांच ऐन २०५५, नियमावली २०५७र पशु बधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका २०६४ मा परिभाषित गरिए बमोजिमको पशपन्छी बध गर्ने संरचना/स्थानलाई जनाऊँदछ।

(थ) “मीट मार्ट”भन्नालेपशु बधशाला तथा मासु जांच ऐन २०५५,पशु बधशाला तथा मासु जांच नियमावली २०५७ र पशु बधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका २०६४ मा परिभाषित गरिए बमोजिमपशु बध गरी प्रशोधित व अप्रशोधित मासुलाई उचित तापक्रममा भण्डारण गरी स्वच्छ वातावरणमा विक्री गर्ने स्थल बुझ्नु पर्छ ।

(द)"ढुवानीको साधन" भन्नाले पशु तथा पशुजन्यपदार्थहरुलाई उत्पादन पकेट क्षेत्र, संकलन स्थल र प्रशोधन स्थल वाट पशुजन्य उद्योग वा वजार स्थल सम्म सुरक्षीत ओसारपोसार गर्ने सुविधायुक्त गाडी सम्झनु पर्दछ।

(ध)"रेफ्रीजेरेटेड भ्यान"भन्नाले मासुलाई चिसो बनाएर संरक्षण गरी राखी ढुवानी गर्ने सुविधायुक्त विभिन्न क्षमताको गाडी सम्झनु पर्दछ ।

(न)"मासु चिस्यान घर"भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ एवं गुणस्तरिय मासु तथा मासुजन्य उत्पादनहरु लामो समय सम्म संरक्षण र भण्डारण गरी राख्न मिल्ने सुविधायुक्त संरचना सम्झनु पर्दछ ।

प) "मासुबजार" भन्नाले कुनै एक स्थानमा लहरै न्यूनतम ५ वटा सम्म मासु पसल भएको बजारलाई सम्झनुपर्छ ।

फ) "मिल्कभेन्डिङ मेशिन" भन्नाले यो एउटा स्वचालित मेशिन हो जस्मा पैसा वा क्रेडिट कार्ड राखे पछी कुनै एक निश्चित समय र स्थानमा उपभोक्तालाई आवश्यक मात्रा र उचित चिस्यान कायम गरिएको उचित मुल्यको पास्च्युराइज्ड दुध वा दुग्धजन्य पदार्थ उपलब्ध गराउने मेशिन सम्झनु पर्दछ।

ब)"मिल्कबार" भन्नाले कुनै एक स्थानमा दुध तथा दुग्धजन्य परिकारको उचित गुणस्तर र चिस्यान कायम गरी उपभोक्तालाई विक्रि वितरण गर्ने स्थान सम्झनुपर्छ।

भ) "लघु डेरी" भन्नाले १०० देखि ३०० लि. दुध दैनिक संकलन तथा विविधिकरण गर्ने डेरीलाई सम्फनुपर्दछ ।

म) "साना डेरी" भन्नाले ३०० देखि ५०० लि. दुध दैनिक संकलन तथा विविधिकरण गर्ने डेरीलाई सम्फनुपर्दछ ।

य) "बंगुर तथा बाख्राको दाना उद्योग" भन्नाले बंगुर र बाख्राको दाना उत्पादन गर्न आवश्यक पूर्वाधार निर्माण गरी विक्रि वितरण गर्ने कार्यलाई सम्फनुपर्दछ ।

र) "गामिण कुखुराको ह्याचरी स्थापना" भन्नाले ग्रामीण कुखुरापालन हुने क्षेत्रमा अण्डा र मासु दुवैका लागि कुखुराको प्यारेट स्टकको व्यवस्थापन गरी वा अण्डालाई ह्याचरी स्थापना गरी चल्ला उत्पादन गरी विक्रि वितरण गर्ने कार्यलाई जनाउछ ।

ल) **साप्ताहिक पशु हाटबजार भन्नाले कृषकले उत्पादन गरेको पशुपन्छी माछा तथा पशुजन्य पदार्थलाई साप्ताहिक रुपमा विक्रि गर्न स्थानलाई बुझ्नुपर्दछ।**

**३. उद्देश्य**

क)पशुपंक्षी वजार प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्ने ।

ख)स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण रबिक्रिवितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाऊ पुऱ्याउने ।

ग) पशु उत्पादन पकेटहरुलाई बजार संगको आबद्धताप्रदान गर्दै जिवित पशुपंक्षी तथा पशुपंक्षीजन्य उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने ।

घ)बजार संजालको विकास एवं व्यवस्थित बजार सूचना प्रणलीको विकास गर्ने ।

ङ ) पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोग्ताको दक्षता र सचेतना अभिबृद्धिमा सघाउ पुऱ्याउने ।

च) पशुपन्छी विकास मन्त्रालयको प्रतिवद्धता अनुरुप पशुपन्छीजन्य पदार्थको व्यवसाय प्रवर्द्धन गर्ने ।

छ) नेपाल सरकारको पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ज) पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको सहज आपूर्ति सुनिश्चित गर्न आपूर्ति स्थिति अनुगमन गर्ने ।

झ) पशुपन्छी तथा पन्छीजन्य पदार्थको आयत प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

## परिच्छेद २

**४. साझेदारी सम्बन्धि व्यवस्था**

क) सम्बन्धित कार्यालयले बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिम निम्न बमोजिमका कार्यकमहरुसंचालन गर्नका लागी साझेदारी गर्न र गराउन सक्नेछ ।साझेदारीमा मेशिनरी जडान वा यन्त्र उपकरणहरु खरिद गर्दा सम्बन्धित कार्यालयले कार्यप्रभावकारिता थपिने ठानेमा अनुदान रकम बराबरको बस्तुगत सहयोग प्रदान गर्न सक्नेछ तर भौतिक निर्माणको हकमा नगद अनुदान मात्र प्रवाह गरिनेछ । अनुदान कार्यक्रमलाईऔद्योगिक व्यवसाय ऐन २०४९ अनुरुप देहाय बमोजिम उद्दोगहरुलाई वर्गिकृत गरिएको छ ।

- लघु उद्योग रु १० लाख सम्म
- साना उद्योगः रु २५ लाख सम्म
- मझौला उद्योगः रु १ करोड सम्म
- ठूला उद्योगः रु १० करोड सम्म

| क.स. | कार्यकम | सम्भावित साझेदारहरु | अधिकतम साझेदारी रकम रु |
|---|---|---|---|
| १ | पशु बधशाला निर्माण/सुधार | स्थानिय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, सहकारी संस्था, फर्म, कम्पनी, निजी उद्यमी | १० करोड सम्म |
| २ | पशु बधस्थल निर्माण/सुधार | स्थानिय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, सहकारी संस्था, फर्म, कम्पनी, निजी उद्यमी | ५० लाख सम्म |

| | | | |
|---|---|---|---|
| ३ | पशु हाटबजार निर्माण/सुधार | स्थानिय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति, सहकारी संस्था | १ करोड सम्म |
| ४ | साना डेरी उद्योग प्रवर्द्धन | दुग्ध उत्पादक सहकारी संस्था, व्यावसायिक संघ/संगठन, डेरी उद्यमी, फर्म, कम्पनी | १० लाख सम्म |
| ५ | पशु संकलन केन्द्र निर्माण/सुधार | कृषक समूह/समिती, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, स्थानिय निकाय | १५ लाख सम्म |
| ६ | पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन (ऊन, छाला, हाड, मासु र अन्य पशुपंक्षीजन्य पदार्थ) | कृषक समूह/समिती, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी | १५ लाख सम्म |
| ७ | चिलिङ्गभ्याट स्थापना (३००० लिटर) | दुग्ध उत्पादक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी | ५ लाख सम्म |
| ८ | चिलिङ्गभ्याट स्थापना (२००० लिटर) | दुग्ध उत्पादक सहकारी संस्था, डेरी उद्योग, दुग्ध व्यवसायी | ४ लाख सम्म |
| ९ | चिलिङ्गभ्याट स्थापना (१००० लिटर) | दुग्ध उत्पादक सहकारी संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी | ३ लाख सम्म |
| १० | चिलिङ्गभ्याट स्थापना (५०० लिटर) | दुग्ध उत्पादक सहकारी संस्था, कृषक समुह/समिति, डेरी उद्योग व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमी | २ लाख सम्म |
| ११ | चिलिङ्गभ्याट स्थापना (३०० लिटर) | दुग्ध उत्पादक सहकारी संस्था, कृषक समुह/समिति, डेरी उद्योग व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमी | १ लाख सम्म |
| १२ | डेरी पसल सुधार | दुग्ध उत्पादक सहकारी संस्था, कृषक समुह/समिति, डेरी उद्योग व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमी | २ लाख सम्म |
| १३ | मासु पसल सुधार | स्थानिय निकाय, मासु व्यावसायी संघ/समिती, कृषक समुह/समिति, मासु उद्यमी/व्यापारी | २ लाख सम्म |
| १४ | व्यवस्थित मीट मार्ट स्थापना | स्थानिय निकाय, मासु व्यावसायी संघ/समिती, कृषक समुह/समिति, मासु उद्यमी/व्यापारी | ३० लाख सम्म |
| १५ | उत्पादन सहकारी समूह, किसान,व्यवसायी सुदृढीकरण कार्यक्रम | पशुजन्य बजारीकरणमा आबद्ध सहकारी संस्था, कृषक समुह/ समिति,व्यावसायिक संघ/ संगठन, फर्म, कम्पनी र निजी उद्दमी | बढिमा १ लाख सम्म |
| १६ | सहकार्यमा ग्रामिण कुखुराको ह्याचरी स्थापना | निजी उद्यमीको सहकार्यमा | बढीमा ३३ लाख |
| १७ | सहकार्यमा बंगुर तथा बाखाको दाना उद्योग स्थापना | निजी उद्यमी तथा सहकारीको सहकार्यमा | बढीमा ३ करोड |
| १८ | मिल्क भेन्डिङ्ग मेसिन स्थापना | दुग्ध सहकारी संस्था वा निजी डेरीको सहकार्यमा | बढीमा १० लाख |

| | | | |
|---|---|---|---|
| १९ | दुग्ध चिस्यान केन्द्र स्थापना | दुग्ध सहकारी संस्था वा निजी डेरी उद्यमी सँगको सहकार्यमा | बढीमा २० लाख |
| २० | घाँस बजार स्थापना | सरकारी वा दुध तथा पशुपालन सहकारीको सहकार्यमा | बढीमा ५० लाख |
| २१ | मिल्कबार स्थापना | निजी डेरी वा दुग्ध सहकारीको डेरी सँगको सहकार्यमा | बढीमा २५ लाख |
| २२ | लघु डेरी उद्योग प्रवर्द्धन कार्यक्रम | निजी डेरी उद्यमी वा दुग्ध सहकारीको सहकार्यमा | बढीमा ५ लाख |
| २३ | मासु बजार स्थापना | सम्बन्धित महानगरपालिका वा नगरपालिकाको माछा मासु व्यवसायी संघको सहकार्यमा | बढीमा ५० लाख |
| २४ | पश्मिना उद्योग प्रवर्द्धन | स्थानिय पश्मिना संघको सहकार्यमा | बढीमा १० लाख |
| २५ | साप्तहिक पशु हाटबजार कार्यक्रम | साप्तहिक पशु हाटबजार व्यवस्थापन समिति वा सहकारी | बढीमा २५ लाख |
| २६ | साना किसान लक्षित पशुपन्छी तथा पशुजन्य पदार्थ उत्पादन विविधिकरण कार्यक्रम | साना कृषक समूह वा व्यवसायी समूह | बढीमा २० लाख |

ख)बुँदा४ (क) मा अधिकतम साझेदारी रकमको जुनसुकै सिमा तोकिएको भए पनि वार्षिक स्विकृत कार्यक्रम बजेटको परिधि भित्र रही आर्थिक अनुदान प्रदान गरेर कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

ग) पूँजिगतसाझेदारी पशुपंक्षी बजार प्रवर्द्धनसंग सम्बन्धित कार्यलयले कुनै निश्चित कार्यक्रम संचालन गर्नका लागि प्रदान गर्ने अनुदान रकमलाई कूल लागतको ७० प्रतिशत मानी बांकी ३० प्रतिशत रकम सम्बन्धित साझेदारले आफ्नो आन्तरिक श्रोतबाट लगानी गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।साथै जग्गाको मूल्याङ्कनलाई साझेदारी रकममा संलग्न गर्न पाईने छैन ।

घ) सम्भावित साझेदारहरुको छनौट गर्दा बुँदा४ (क) मा उल्लेखित क्रममा प्राथमिकता प्रदान गरिनेछ । तर निश्चित उद्देश्य प्राप्तिका लागी पशु सेवा विभाग वा पशुपंक्षी विकास मन्त्रालयको निर्देशन बमोजिम निश्चित कार्यक्रममा निश्चित साझेदारलाई मात्र निश्चित समयसम्म अग्राधिकार वा प्राथमिकता प्रदान गर्न सकिनेछ ।

ङ)साना अनुदान कार्यक्रम अन्तर्गत प्रस्ताव छनौट गर्दा कृषि विकास मन्त्रालय र पशुपन्क्षी विकास मन्त्रालय रमातहतका निकायहरुबाटविगत २ वर्ष भित्र अनुदान लिइसकेको साझेदारलाई उहि व्यवसायका लागि पुनः छनौट गरिने छैन ।

तर अपूरो निर्माण सम्पन्न गरी कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनका आधारमा अनुदान प्राप्त गरेको सुचना मुताविक प्रस्ताव पेश हुन आएमा भने साझेदारी गर्न बाधा पर्ने छैन ।

च)मझौला वा ठूला अनुदान परियोजना अन्तर्गत प्रस्ताव गर्दा ३ वर्ष यता कृषि विकास मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय र मातहतका निकायबाट अनुदान पाएको प्रस्तावकलाई छनौट गरिने छैन ।

छ) एक पटक अनुदान प्राप्त गरेको व्यवसायलाई कम्तीमासाना अनुदान कार्यक्रम तर्फ ५ वर्ष, मझौला अनुदान कार्यक्रम तर्फ ७ वर्ष, ठूला अनुदान कार्यक्रम तर्फ १० वर्ष, अनिवार्य व्यवसाय अवधी तोकिनेछ ।

ज) अनुदानको सदुपयोग भए नभएको निरिक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई कार्वाहीको दायरामा ल्याइने छ, र सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिने छ।

## परिच्छेद ३

### ५. प्रस्ताव आव्हान र पेश गर्ने विधि

क)सम्बन्धित कार्यालयले वार्षिक स्विकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी साझेदारीमा संचालन हुने पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालनको लागी *अनुसूची १* बमोजिम राष्ट्रियस्तर तथा स्थानिय स्तरकोको पत्रिकामा प्रस्ताव आव्हानगर्नेछ ।यस्तो सूचना सम्बन्धित कार्यलयको सूचना पाटीमा अनिवार्य रुपले टांस गरी वेव साईटमा समेत प्रकाशित गरिनेछ ।

ख) इच्छुक साझेदारहरुलेसूचनामा उल्लेख भए बमोजिमको अवधिभित्र *अनुसूची २*बमोजिमको प्रस्ताव पत्र, *अनुसूची ३* बमोजिमको संक्षिप्त व्यावसायिक कार्य योजना(रु १० लाख वा सोभन्दा बढीको साझेदारी प्रस्तावको हकमा मात्र),*अनुसूची ४* बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, *अनुसूची ५* बमोजिमको सम्बन्धित निकायको सिफारिस र *अनुसूची* ६ बमोजिमको निवेदन सहित निर्धारित समय सिमा भित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

ग) बुँदा५ (ख) मा उल्लेखित सम्बन्धित निकायको सिफारिस भन्नाले पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय र क्षेत्रिय पशु सेवा निर्देशनालयको प्रस्ताव आव्हानमा सम्बन्धित जिल्ला पशु सेवासमन्वयको सिफारिस र स्थानिय निकायकोप्रस्ताव आव्हानमा सम्बन्धित पशु सेवा केन्द्रको वा स्थानिय निकायको सिफारिसभन्ने बुझिनेछ ।

घ) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश गरिने छैन ।

ङ) म्याद थप सम्बन्धी व्यवस्था : सम्बन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु देहायको समयमा कुनै पनि कारणवश वार्षिक लक्ष पुग्ने गरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा पशुपन्छी बजार निर्देशनालय वा स्थानिय निकायले सम्बन्धित कार्यक्रमको लागि म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

### ६. प्रस्ताव छनौट

क)सम्बन्धित कार्यालयले बुँदा५ बमोजिम पेश हुन आएका प्रस्तावहरुछनौट गर्नका लागी निम्न बमोजिमको प्रस्ताव छनौट समिति गठन गर्नेछ ।

| | |
|---|---|
| कार्यालय प्रमुख/स्थानिय निकायको शाखा प्रमखु वा निजले तोकेको अधिकृत पदाधिकारी | संयोजक |
| योजनाको काम हेर्ने पदाधिकारी | सदस्य |
| सम्बन्धित कार्यलयको लेखा शाखा प्रमुख | सदस्य |
| पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम हेर्ने फोकल कर्मचारी | सदस्य |

*नोटः सम्बन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयको एक जना सदस्य थप मनोनयन गर्न सक्नेछ ।*

ख) सर्वप्रथम स्थानियले पेश भएका प्रस्ताव मध्य स्थलगत अनुगमन गरी प्राथमिकता निर्धारण गरी सिफारिस साथ पेश गर्नुपर्नेछ । स्थलगत अनुगमन तपशिल बमोजम गर्नुपर्नेछ ।

## स्थलगत अनुगमन गर्दा हेर्नुपर्ने कुराहरु

- पुर्वाधार (बाटो, पानी, बिजुली)
- व्यवसायको सम्भाव्यता
- व्यवसायको अवस्था
- वर्तमान अवस्थाको व्यवसायको फोटो वा सम्भाव्य स्थलको फोटो ।

ग)प्रस्ताव छनौट समितिले *अनुसूची ७* बमोजिमकोनिर्धारित मापदण्डका आधारमा प्रस्तावहरुको मूल्याङ्कन र प्राथमिकताक्रम निर्धारण गर्नेछ ।

घ) यसरी प्राथमिकताक्रम निर्धारणगर्दा बढी अङ्क प्राप्त गरी अग्रणी स्थान हासिल गर्न सफल प्रस्तावहरु दफा ५ (क) बमोजिमको प्रस्ताव छनौट समितका पदाधिकारी वा सम्वन्धित कार्यालय प्रमुखले गठन गरेको पशु सेवा विभाग वा स्थानिय निकायको मातहतका अन्य प्राविधिकहरुको कम्तिमा २ सदस्यीय टोलीले *अनुसूची ८* बमोजिम स्थलगतप्रमाणिकरण र मूल्याङ्कन गर्नेछ ।

ङ) दफा ५ (ख र ग) बमोजमको मूल्याङ्ककनमा आवेदकले प्राप्त गरेको औषत अङ्कका आधारमा साझेदारीका लागिउपयुक्त ठहरेका आवेदकहरुको सूची तयार गरी प्रस्ताव छनौट समितिले अनुमोदनका लागी सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

च) यसरी प्रस्ताव छनौट समितिले सिफारिस गरी अनुमोदनका लागी पेश भएका प्रस्तावहरु स्थानिय निकायको पशु सेवा कार्यालयको हकमा *अनुसूची १०* बमोजिमको सम्बन्धित जिल्ला पशु विकास कार्यदलको बैठकले आवश्यक जांचबुझ गरी उपयुक्त प्रस्तावहरुको अनुमोदन गर्नेछ ।

छ) क्षेत्रिय/प्रादेशीक पशु सेवा निर्देशनालयको हकमा प्रस्ताव छनौट समितिले सिफारिस गरेका प्रस्तावहरु निम्न बमोजिमको समितिले आवश्यक जांचबुझ गरी उपयुक्त प्रस्तावहरु र बैकल्पिक प्रस्तावहरुको सूचि सहित अनुमोदन गर्नेछ ।

| | |
|---|---|
| क्षेत्रिय /प्रादेशिक निर्देशक | संयोजक |
| प्रस्ताव छनौट समितिको संयोजक | सदस्य सचिव |
| योजनाको काम हेर्ने अधिकृत पदाधिकारी | सदस्य |
| कार्यक्रम निर्देशनालय/पशु सेवा विभागको अधिकृत प्रतिनिधी | सदस्य |
| क्षेत्रिय कृषि विकास समितिको सदस्य प्रतिनिधी | सदस्य |

*नोटः संयोजकले आवस्यक ठानेमा सोही प्रकृतिको कार्यक्रम संचालन गर्ने निकाय वा अन्य कार्यालयको प्रतिनिधीलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।*

ज) पशुपंक्षि बजार प्रवर्द्धन निर्देशनालयको हकमा प्रस्ताव छनौट समितिले सिफारिस गरेका प्रस्तावहरु निम्न बमोजिमको समितिले आवस्यक जांचबुझ गरी उपयुक्त प्रस्तावहरुर बैकल्पिक प्रस्तावहरुको सूचि सहित अनुमोदन गर्नेछ ।

| | |
|---|---|
| कार्यक्रम निर्देशक | संयोजक |
| प्रस्ताव छनौट समितिको संयोजक | सदस्य सचिव |
| योजनाको काम हेर्ने अधिकृत पदाधिकारी | सदस्य |
| पशु सेवा विभागको अधिकृत प्रतिनिधी | सदस्य |
| पशु सेवा विभागको कानून शाखाको अधिकृत प्रतिनिधी | सदस्य |

*नोटः संयोजकले आवस्यक ठानेमा सोही प्रकृतिको कार्यक्रम संचालन गर्ने निकाय वा अन्य कार्यालयको प्रतिनिधीलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।*

झ) यसरी छनौट र अनुमोदन हुन सफल भएका आवेदकलाई पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयको हकमा राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी ३० दिन भित्र द्विपक्षीय सम्झौताका लागि बोलाइनेछ । तोकिएको अवधिभित्र द्विपक्षीय सम्झौता हुन नसकेको सन्दर्भमा वैकल्पिक प्रस्तावकलाई १५ दिनको म्याद दिई द्विपक्षीय सम्झौताका लागि बोलाइनेछ ।

ञ) जिल्ला समन्वय कार्यालय, स्थानिय निकाय र क्षेत्रीय पशु सेवा निर्देशनालयको हकमा छनौट र अनुमोदन हुन सफल भएका आवेदकलाई सम्बन्धित कार्यालयले सो कुराको जानकारी गराई सम्बन्धित कार्यालयलेसो कुराको जानकारी गराई द्विपक्षिय सम्झौताका लागी बोलाउनेछ ।

ट)पशु बधशाला र पशु हाटबजार निर्माणर सुधार प्रस्ताव छनौट, ढाँचा र लागत अनुमानको विश्वसनियता जाँच र स्थलगत प्रमाणिकरणका लागि मान्यताप्राप्त र नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको र यस क्षेत्रमा न्यूनतम २ वर्षको अनुभव भएको इन्जिनीयरबाट परामर्श सेवा लिइने छ।

## ७. द्विपक्षिय सम्झौता

क) सम्बन्धित कार्यालयले दफा (६) बमोजिम छनौट भएका आवेदकहरुसंग पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी *अनुसूची* ९बमोजिमकोद्विपक्षिय सम्झौता गर्नेछ ।

ख) पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय/क्षेत्रिय वा प्रादेशिक पशु सेवा निर्देशनालयको तर्फबाट सम्बन्धित जिल्ला पशु समन्वय सेवा कार्यालयले वा स्थानिय निकायले समेत प्रथमपक्षको आधिकारिक प्रतिनिधिको रुपमा सम्बन्धित साझेदार संग द्विपक्षिय सम्झौता गर्न सक्नेछ ।

ग) द्विपक्षिय सम्झौतामा उल्लेखित बुँदाहरुलाई साझेदारी कार्यक्रम संचालनको मूल आधार मानिनेछ ।

## ८. भुक्तानी प्रकृया

क) सम्बन्धित कार्यालयले सम्वन्धित पूंजिगत खर्च शिर्षकबाट साझेदारी रकम उपलब्ध गराउने पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालन गर्दा विनियोजितबजेटको ५ प्रतिशत बराबर रकम कन्टिनजेन्सि वापत कट्टा गरी अनुगमन, निरिक्षण, भ्रमण,विषय विशेषज्ञको परामर्श सेवा,प्रस्ताव मूल्यांकन समितिको बैठक भत्ता, इन्धन, मर्मत संभार र कार्यालय संचालन प्रयोजनका लागी खर्च गर्न सक्नेछ। तर सो कुरा सम्बन्धित साझेदारसंग गरिने द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गरिएको हुनु पर्नेछ ।

ख) सम्बन्धित कार्यालयले साझेदारसंग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधीबाट भुक्तानी गरिन्छ भन्नेकुरास्पष्टखुलाउनु पर्नेछ ।

ग) सामान्यतया अनुदान रकमको भुक्तानी कार्य सम्पादनको प्रगतिको आधारमा दुई बराबर किस्तामा सम्बन्धित साझेदारको बैङ्क खातामा दिईनेछ तर डेरीपसल सुधार, मासुपसल सुधार रचिलिङ्ग भ्याट स्थापना जस्ता रु २ लाखसम्मका अनुदान रकम प्रदान गरिने कार्यक्रमहरुको भुक्तानी कार्यसम्पन्न भए पश्चात एकमुष्ठ रुपमा बैङ्कखाता मार्फत गर्न सकिनेछ ।

घ) सम्बन्धित साझेदारले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्यसम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवस्यक कागजातहरु सहित भुक्तानिका लागी अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको मात्र भुक्तानी दिनेछ ।

ङ)साझेदारले मेसिनरी, उपकरण, ढुवानीको साधन तथा अन्य सामानहरु खरिद गर्दा स्पेसिफिकेसन, निर्मित कम्पनी, देश, फर्म र दरभाउ आधिकारिक भ्याट/प्यान वाला सम्बन्धित कार्यक्रम पेश गरी स्वीकृत भए पश्चात मात्र खरिद गर्नुपर्नेछ । यसरी नगरेको खण्डमा सम्बन्धित कार्यालयले रकम भुक्तानी दिन बाध्य हुने छैन ।

च) भुक्तानी दिदाँ १.५% टि.डि.एस कट्टी गरी भुक्तानी दिने तर १३% भ्याट रकम विल अनुसार भुक्तानी गर्ने सम्बन्धीत साझेदारलाई नै भुक्तानी दिइनेछ ।

## परिच्छेद ४

**९. पशु बधशाला/बधस्थल निर्माण/सुधार कार्यक्रम**

यस कार्यक्रम संचालनका लागी स्थानिय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरुसंग लागत साभेदारीमा पशु बधशाला/बधस्थल निर्माण/सुधार गरिनेछ ।

**१०. पशु बधशाला/बधस्थल निर्माण/सुधार प्रकृया**

क) सम्बन्धित कार्यालयले पशु बधशाला/बधस्थल निर्माण/सुधार सम्बन्धि कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख) स्थानिय स्वयत्त शासन ऐन २०५५ बाट प्रदत्त अधिकार बमोजिम पशु बधशाला/बधस्थल निर्माण, संचालन र नियमनमा स्थानिय निकायको अहम भूमिका र दायित्व रहने भएकाले पशु बधशाला/बधस्थल निर्माण/सुधारको कार्यक्रम संचालन गर्दा स्थानिय निकायलाई प्राथमिकता प्रदान गरिनेछ ।

ग) पशु बधशाला/वधस्थलको भौतिक संरचनाको मूल स्वरुप *अनुसूची ११* बमोजिमको हुनु पर्नेछ तर स्थान विषेशको आवश्यक्ता मुताविक सम्बन्धित विषय विशेषज्ञको परामर्श लिई गरिएको सामान्य परिमार्जन सहितको पशु बधशाला/बधस्थल निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।

घ) पशु बधशाला/बधस्थल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ ।

१. पशु बधशाला/वधस्थलको भवन निर्माण र सुधार गर्न ।

२. पशु बधशाला/बधस्थलमा प्रयोग हुने औजार उपकरणहरु जस्तै ह्याङ्गर, हुक, ट्रली, रेल, डिबानर, स्क्याल्डर, डिफिदर, टेवल, स्टनिङ्ग डिभाईस, प्याकेजिंग मेशिन, चक्कु, चपर, बोन स, डिप फ्रिज तथा नाश भएर नजाने अन्य औजार उपकरणहरु खरिद गर्न ।

३. वायो ग्याँस प्लान्ट, रेण्डरिङ्ग प्लान्ट तथा शौचालय निर्माण/सुधार गर्न ।

४. बिजुलि बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्ने मेशिन जडान आदी ।

५. बधशाला/वधस्थलको भुंईमा र भित्तामा (कम्तिमा ६ फिट उचाई सम्म) सेतो टायल लगाउन ।

६. किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन गर्न ।

७. बजार लक्षित पशु बधशाला निर्माण कार्यक्रम अन्तर्गत मासु चिस्यान घर निर्माण र मासु ढुवानीका लागि रेफ्रिजरेटेड भ्यान खरिद गर्न ।

ङ)पशु बधशाला/बधस्थल निर्माण/सुधारमा साझेदारी गर्नको लागी निम्नलिखित पूर्व शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

१. अनलोडिंग प्लेटफर्म, होल्डिंग यार्ड, लाईरेज, स्टनिंग, ब्लिडिंग, स्किनिंग, डिबोनिंग, चपिंग, फ्रिजिंग, प्याकेजिंग, डिस्प्याच, अफिस र सेकुरिटी का लागी प्रयाप्त ठाऊं ।

२. स्वच्छ एवं यथेष्ट पिउने पानिको श्रोत ।

३. ढलनिकास तथा फोहर मैला व्यवस्थापनका लागी प्रयाप्त ठाऊं र जग्गाको उपलब्धता ।

४. बाटो, बिजुली र बजारको सुविधा ।

५. नयाँ स्थापना हुने र पुराना दुबै किसिमका बधशालाको हकमा कम्तीमाप्रारम्भिक वातावरणिय परिक्षण (IEE)को TOR सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन तहमा भएकोप्रतिवेदन र वधस्थलको हकमा स्थानीय निकायको सिफारीस सर्जमिन मुचुल्का ।

६. सम्बन्धित साझेदारले स्वस्थकर मासु उत्पादन बिधि (Hygienic Code of Practice)परिपालना गर्न मन्जुर भएको ।

७. पशुबधशाला निर्माण/ सुधार गर्न साझेदार निकायसंग आफ्नै स्वामित्वको कम्तिमा १५ रोपनी जग्गा हुनु पर्ने छ, र उक्त स्थान महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिकाको सहरी क्षेत्र भन्दा बाहिर अवस्थित रहनु पर्ने छ ।

८. ठूला अनुदान कार्यक्रम अन्तर्गत निर्मित पशुबधशाला स्थित जग्गा सोही कार्य निरन्तरता सहित १०बर्षको लागि विक्रि रोक्का गरिनेछ ।

९. चिस्यान घर र मासु ढुवानीको लागि रेफ्रिनेरेटेड भ्यान भएको प्रस्तावकलाई प्राथमिकता दिइनेछ

च) पशु बधशाला/बधस्थल निर्माण/सुधार सम्बन्धि अन्य कुराहरु पशु बधशाला तथा मासु जाँच ऐन २०५५, नियमावली २०५७ र प्राविधिक निर्देशिका २०६४ बमोजिम गर्न सकिनेछ ।

छ) पशु बधशाला/बधस्थल निर्माण/सुधार सम्बन्धी कार्य पर्रपरागत रुपले व्यवसाय गर्दै आएका पेशागत जातिलाई प्राथमिकता दिइएनेछ ।

ज) भुक्तानी पूर्व IEE प्रतिवेदन तयार गरी पेश गरेको हुनुपर्नेछ ।

**झ) ठुला प्रकृतिका योजना साझेदारमा सम्पन्न गर्न बहुवर्षिय योजना स्वीकृत गराई प्रत्येक बर्ष बजेट थप गरी सम्पन्न गर्न सकिनेछ । वा पहिलो बर्ष सम्झौता गर्ने र अन्य बर्षमा कार्य सम्पन्न गर्न सकिेछ ।**

## परिच्छेद ५

### ११. पशु हाटबजार निर्माण/सुधार कार्यक्रम

सरकारी, सहकारी र निजी क्षेत्र समेतको लगानी, सहभागिता र व्यवस्थापनमा सुविधायुक्त पशु हाटबजारहरुको विकास र विस्तार गर्नुका अतिरिक्त हाल संचालनमा रहेका पशु हाटबजारहरुको पूर्वाधार सुधार गर्न पशु हाटबजार निर्माण/सुधारको कार्यक्रम सन्चालन हुनेछ ।

### १२. पशु हाटबजार निर्माण/सुधार प्रकृया

क)सम्बन्धित कार्यालयले पशु हाटबजार निर्माण/सुधार सम्बन्धि कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख) स्थानिय निकाय, उद्योग बाणिज्य संघ, व्यावसायिक संघ/संगठन, विद्यालय वा देवालय संचालक समिति र सहकारी संस्थाहरु संगको लागत साझेदारीमा नयाँ पशु हाटबजारको निर्माण वा हाल सन्चालनमा रहेका पशु हाटबजारहरुको पूर्वाधार सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

ग) खासगरी पूर्वपश्चिम लोकमार्ग आसपासका क्षेत्रहरुमा संचालन गर्ने गरी प्रस्तावित पशु हाटबजार निर्माण/सुधार कार्यक्रमलाई प्राथमिकता प्रदान गरिनेछ ।

घ) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराई निर्माण/सुधार गरिने पशु हाटबजारहरुमा ब्यापारी, खरीदकर्ता तथा पशुपंक्षीका लागि न्युनतम भौतिक सुविधाहरु उपलब्ध हुनुका साथै मानव र पशुकल्याण समेत सुनिश्चित गर्नका लागी असल बजार ब्यवस्थापन अभ्यास अवलम्बन गर्न अभिप्रेरित गरिनेछ ।

ङ) पशु हाटबजार निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ ।

१. व्यापारी र पशुहरुलाई गर्मी र बर्षाबाट बचाउन टहरा निर्माण ।

२. ढल निकासको व्यवस्था र भुई ढलान ।

३. पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि प्लेटफार्म निर्माण ।

४. व्यपारी/खरीद कर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था ।
५. आवश्यकता अनुसार शौचालय र खाजाघरको व्यवस्था ।
६. फोहर व्यवस्थापनको लागी बायोग्याँस प्लान्ट स्थापना ।
७. फोहोर मैला संकलन गर्ने भाडा, औजार, उपकरणको व्यवस्था ।
८. पशु हाटबजार कार्यालय र पशुपंक्षी स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण ।
९. पशु हाटबजार प्रवेश मार्ग सुधार ।
१०. सूचना पाटी र होडिङ्ग वोर्डको व्यवस्था ।
११. बिजुली बत्तीको व्यवस्था ।
१२. पशु तौलने उपकरणको व्यवस्था ।
१३. बजार क्षेत्रको बार बन्देज (काँडेतार प्रयोग गर्न नपाईने) ।
१४. जैविक सुरक्षाको लागी आवस्यक संरचना र व्यवस्था ।

च) यस कार्यविधि बमोजिम अनुदान रकमबाट निर्माण/सुधार गरिने पशु हाटबजारमा हुनुपर्ने न्युनतम पूर्वाधारहरु

१. पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था ।
२. पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था।
३. विभिन्न जातका पशुहरु राख्नको लागि अलग अलग स्थानको व्यवस्था ।
४. पशुहरु राख्ने टहराको व्यवस्था ।
५. पशु तथा मानिसका लागि स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था ।
६. पशुहरुको लागि आवस्यक पर्ने दाना, घाँस, नल,पराल आदि राख्ने ठाँउको उचित प्रवन्ध।
७. पशुहरुलाई लोड अनलोड गर्ने प्लेटफर्मको व्यवस्था ।
८. कृषक,व्यवसायी, खरिदकर्ता तथा विक्रेताहरुको लागी विश्राम गृह तथा शैचालयको व्यवस्था।
९. पशु हाटबजारमाल्याइने र बिकि गरिने पशुको रेर्कड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रवन्ध ।
१०. पशु हाटबजार भित्र पशु स्वास्थ्य सेवा प्रदान गर्न तथा बिकिभएका पशुहरुको स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्नका लागी नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल भेटेरिनेरियन र डिस्पेन्सरी सेवाको व्यवस्था ।
११. तराई क्षेत्रका पशु हाटबजार परिसरमा concrete wallowing pit वाshowerको व्यवस्था ।

छ) पशु हाटबजार निर्माण/सुधारका लागि सम्बन्धित साझेदारले तराईमा भए कम्तीमा १ विघा र पहाडमा भए ६ रोपनी आफ्नै स्वामित्वको जग्गाकोजग्गाधनी प्रमाण पुर्जा प्रस्तावपत्रका साथ पेश गर्नु पर्नेछ ।

ज) यस कार्यविधि बमोजिम निर्माण/सुधार गरिने पशु हाटबजारमा व्यवस्थापन समितिको गठन, सहभागितामुलक गुरु योजना तर्जुमा, र बजार संचालनबाट भएको आम्दानीको १५ प्रतिशत रकम बार्षिक रुपमा बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्नेजस्ता कार्यहरु गर्नु पर्नेछ ।

झ) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने पशु हाटबजारको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।तर सम्बन्धित स्थानिय निकायको पशु सेवा कार्यालयको सहमती लिई स्थानिय निकाय, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्यानुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र सन्चालन सर्शत हस्तान्तरण गर्न सकिनेछ ।

ञ) नेपाल सरकारको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरिएको पशु हाटबजारको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

ट) सम्झौता भए पछि बहुवर्षिय रुपमा बजेटको व्यवस्था गरी निर्माण कार्य सम्पन्न गर्न सकिनेछ । साथै समय थप गरी कार्य सम्पन्न गर्न सकिनेछ ।

ठ) भुक्तानी हुन पूर्व IEE को प्रतिवेदन प्राप्त भएको हुनुपर्नेछ ।

## परिच्छेद ६

### १३. लघु तथा सानाडेरी उद्योग प्रवर्द्धन कार्यक्रम

दुग्ध उत्पादक सहकारी संस्था, व्यावसायिक संघ/संगठन, डेरी उद्यमी, फर्म, कम्पनी आदी संगको लागत साझेदारीमा दूध तथा दुग्धजन्य पदार्थको उत्पादन, प्रशोधन र बजारिकरणलाई स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय बनाउने लक्षकासाथ लघु डेरी तथा सानाडेरी उद्योग प्रवर्द्धन कार्यक्रम संचालन हुनेछ ।

### १४. लघु तथा साना डेरी उद्योग प्रवर्द्धन प्रकृया

क)सम्बन्धित कार्यालयले साना डेरी उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख) दुग्ध व्यवसायमा संलग्न रहेका दुग्ध उत्पादक सहकारी संस्था, व्यावसायिक संघ/संगठन, डेरी उद्यमी, फर्म, कम्पनी संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने साना डेरी उद्योगहरुको प्रशोधन, उत्पादन विविधिकरण र बजारिकरण क्षमता विस्तारका लागी आवश्यक पूर्वाधार विकासका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

ग) खासगरी दूध उत्पादन पकेट क्षेत्रको रुपमा पहिचान कायम गर्न सफल तथा मानिसको घना आवादीयुक्त शहर वा शहरोन्मुख बस्ति आसपासका क्षेत्रमा साना डेरी उद्योग संचालन गरी दुग्ध प्रशोधन, दुग्ध पदार्थ विविधिकरण र व्यवस्थित बजारिकरणमा संलग्न हुन चाहने आवेदकलाई यस कार्यक्रममा प्राथमिकता प्रदान गरिनेछ ।

घ)यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराई प्रवर्द्धन गरिएका साना डेरी उद्योगहरुमा समेत आधारभूत Code of Practice/GHP/GMP/HACCP जस्ता स्वच्छता सम्बन्धि अबधारणाहरु अबलम्बन गर्न अभिप्रेरित गरिनेछ ।

ङ) लघु तथा साना डेरी उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ ।

१. डेरी उद्योगको लागी आवस्यक भौतिक संरचना निर्माण/सुधार ।

२. भुई तथा भित्तामा टायल लगाउने, सम्याउने, कुनाकानी मिलाउने तथा उचित प्रकारको सिलिङ्ग निर्माणका कार्यहरु ।

३. डेरी उद्योगका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान ।

४. प्रकाश/संबातन व्यवस्थापन तथा किरा फट्यांग्रा नियन्त्रण सम्बन्धि कार्यहरु ।

५. ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु ।

६. बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।

७. दूध राख्ने क्यान, मिल्क पम्प तथा होज पाइप आदिको व्यवस्था ।

८. व्यक्तिगत सूरक्षाको लागि आवश्यक एप्रोन, मास्क, बुट, टोपी लगायतका सामाग्रीहरु ।

९. मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।

१०. मिल्क एनालाईजर वा गुणस्तर जांचका लागी आवस्यक अन्य उपकरण जडान सम्बन्धि कार्यहरु ।

११. दूध चिस्यान,भण्डारण, प्याकेजिङ्ग गर्नको लागि आवश्यक मेसीन तथा उपकरणको स्थापना ।

च) लघु तथा साना डेरी उद्योग प्रवर्द्धन कार्यक्रमा सहभागी हुनका लागी सम्बन्धित साझेदारले यस कार्यविधि बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गर्नु पर्नेछ ।

१. दुग्ध व्यवसायमा संलग्नभैलघु डेरीको हकमा दैनिक १०० देखि ३०० लिटरसम्म र साना डेरी उद्योगको हकमा ३०० लि. देखि ५०० सम्म वा सोभन्दा बढी प्रशोधित वा अप्रशोधित दूध वा दुग्धजन्य पदार्थ बिक्रिवितरण गर्ने गरेको ।

२. उद्योग संचालन गर्ने स्थलको जग्गाको स्वामित्व भएको वा लिजमा लिएको जग्गा भए कम्तिमा १० बर्षको करार/सम्झौता र आवस्यक निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको ।

३. सम्बन्धित सरकारी निकायबाट उद्योग संचालनको अनुमती प्राप्त गरेको ।

४.दूध र दुग्धजन्य पदार्थ बिक्रिका लागी बजारको सुलभता भएको ।

५.स्वच्छ परिचालनका बिधी तथा आचरणहरु (Good Milk Handling Practices)पालन गर्न मंजुर भई कृषि विकास मन्त्रालयको आधिकारीक निकायवाट अनुज्ञापत्र लिएको।

६. कुनै पनि बैंक तथा बित्तीय संस्थाको खराब ऋणी नभएको ।

७. सम्बन्धित निकायबाट खाद्य अनुज्ञापत्र लिएको हुनुपर्नेछ ।

## परिच्छेद ७
## मिल्कबार स्थापना

**देशको घना बस्ती भएका महानगरपालिका उपमहानगरपालिका तथा नगरपालिका गाउपालिकाहरुमा आम उपभोक्तालाई दुध तथा दुग्ध जन्य पदार्थको उपभोग बढाई कुपोषणबाट बचाई सहरको पैसा गाउमा पुऱ्याउने रोजगारी बढाई समग्र देशको विकासमा टेवा पुऱ्याउने उद्देश्यले मिल्कबार स्थापना कार्यक्रम राखिएको हो ।**

सम्बन्धीत महानगरपालिका वा नगरपालिका नजिकको निजी डेरी उद्योग सँगको सहकार्यमा स्थापना गरिनेछ ।

**मिल्कबारमा न्यूनतम मापदण्ड निम्न प्रकारको हुनेछ :**

- मिल्क बार कम्तिमा २०० वर्ग फिटको हुनुपर्नेछ ।
- यथासम्भव मिल्कबारमा A/Cको व्यवस्था हुनुपर्नेछ । कम्तीमा ६ वटा Display Freezer ( Vertical and Horizontal) हुनुपर्नेछ । भित्ता र भुईमा सेता टायल लगाएको हुनुपर्नेछ ।
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।
- दुध तथा दुधका परिकार मात्र विक्रि वितरण गर्नुपर्नेछ ।
- खाद्य तथा गुण नियन्त्रण विभागबाट अनुज्ञा पत्र लिएको हुनुपर्नेछ ।
- Generator Back up हुनुपर्नेछ ।
- घनाबस्ती तथा मुख्य जक्सन भएको ठाउमा संचालन हुनुपर्नेछ ।
- मोबाइल डेरी चिस्यान भ्यान निमार्ण गरी दुध तथा दुग्धजन्य पदार्थ को विक्रि वितरण गनुपर्नेछ ।
- व्यवसायी संस्था भ्याटमा दर्ता भएको हुनुपर्नेछ ।

## परिच्छेद ८

## Milk Vending Machineस्थापना

देशको ठुला शहरमा जुनसुकै बेला उपभोक्ताको इच्छा बमोजिम उचित तापक्रममा राखिएको पिउन योग्य दुध उपलब्ध गराउने उद्देश्यले Milk Vending Machine स्थापनाको कार्यक्रम राखिएको हो ।

- सम्बन्धित महानगरपालिका वा नगरपालिकाले दुग्ध सहकारी संस्था वा निजी Dairy Industry सँग सहकार्यमा स्थापना गरिनेछ ।
- सोको लागि स्थापना पछि बढिमा १० लाख उपलब्ध गराइनेछ ।
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।
- कम्तीमा ५०० लि. क्षमताको र ४$^{\circ}$C भन्दा तलको चिस्यान कायम भएको हुनुपर्नेछ ।
- Milk Vending Machine को व्यवस्थापन र संचालनको जिम्मा निजी डेरी उद्योग वा दुग्ध तथा दुग्ध सहकारी संघलाई दिन सकिनेछ ।
- कम्तीमा ५ वर्षसम्म अनिवार्य रुपमा संचालन गर्नुपर्नेछ ।
- प्याकिङ्ग मेशिन वा दुध तथा दुग्धजन्य पदार्थ ढुवानी गर्ने साधनमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद ९

### १५. पशु संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम

उत्तरदक्षिण लोकमार्ग आसपासका भेगमा रहेका भेंडा, बाख्रा, बंगुर जस्ता साना पशुहरु उत्पादन हुने पकेट क्षेत्रलाई लक्षित गरी कृषक समूह/समिति/सहकारी, व्यावसायिक संघ/संगठन, स्थानिय निकायहरु संगको लागत साझेदारीमा पशु संकलन केन्द्र निर्माण/सुधार कार्यक्रमसंचालन गरी त्यस्ता पशु संकलन केन्द्रहरुलाई पशु हाटबजार संगको आवद्धता श्रृजना गर्दै बृहत बजार संजालको विकास गर्ने लक्षका साथ पशु संकलन केन्द्र निर्माण/सुधार गरिनेछ ।

### १६. पशु संकलन केन्द्र निर्माण/सुधार प्रकृया

क)सम्बन्धित कार्यालयले पशु संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख) भेंडा, बाख्रा, बंगुर जस्ता साना पशुहरुको उत्पादन र बेचविखनमा संलग्न कृषक समूह/समिति/सहकारी, व्यावसायिक संघ/संगठन र स्थानिय निकायहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने पशु संकलन केन्द्रहरुमा आवश्यक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

ग) खासगरी उत्तरदक्षिण लोकमार्ग आसपासमा रहेका पशु उत्पादन पकेट क्षेत्रहरु तथा बृहत्तर पशु विकास कार्यक्रम वा अन्य उत्पादन अभिबृद्धी कार्यक्रम सन्चालन भएका क्षेत्रहरुमा पायक पर्ने हिसाबले पशु संकलन केन्द्र स्थापना र संचालन गरी तिनलाई पशु हाटबजार वा घना आवादियुक्त शहर केन्द्रित बजार संग आबद्ध गराई उत्पादित पशुहरुको बजारिकरणमा संलग्न हुन चाहने आवेदकलाई यस कार्यकममा प्राथमिकता प्रदान गरिनेछ ।

घ)पशु संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागी खर्च गर्न सकिनेछ ।

१. पशु संकलन केन्दका लागि आवश्यक भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।

२. आवश्यक औजार र उपकरणहरु खरिद तथा जडान ।

३. ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान ।

४. बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।

५. जनावर राख्ने सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष ।

६. बारबन्देज र कम्पाउण्ड वाल निर्माण ।

७. फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार ।

८. अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

ङ) यस निर्देशिका बमोजिम निर्माण/सुधार हुने पशु संकलन केन्द्रको स्वामित्व र संचालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ । तर सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सहमती लिई स्थानिय निकाय, सहकारी संस्था, व्यावसायिक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्यानुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र संचालन सर्शत हस्तान्तरण गर्न सकिनेछ ।

च) नेपाल सरकारको समेत आर्थिक लगानीमा निर्माण/सुधार गरिएको पशु संकलन केन्द्रको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

छ) सहकारीको स्वामित्व वा निजी जग्गा भएमा १० बर्षको लिजमा सरकारी (बन, स्कुल, गाउँपालिका, नगरपालिका, विश्वविद्यालय र गुठी) को जग्गा कम्तिमा हिमाल, पहाडमा ३ रोपनी र तराईमा ५ कठ्ठा हुनुपर्नेछ ।

ज) स्थानिय निकायमा काम गर्ने पशु सेवा शाखाले स्थलगत अनुगमन गरेपछि फोटो प्राप्त भए पछि मात्र सिफारिस दिने ।

## परिच्छेद १०

### १७. पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम

दूध, मासु, छाला, हाड,ऊन र अन्य पशुपंक्षीजन्य उत्पादनमा आधारित घरेलु, साना तथा मझौला खालका प्रशोधन तथा उत्पादन विविधिकरण उद्योगहरु स्थापना र संचालनले पशुपालन क्षेत्रको व्यावसायिक रुपान्तरणमा मात्र टेवा पुग्ने नभै उत्पादन श्रृंखलामा मूल्य अभिबृद्धि, गुणस्तर प्रवर्द्धन र औद्योगिकरणमा समेत सहयोग पुग्दछ । तसर्थ विभिन्न खाले पशुजन्य उत्पादनहरुलाई तिनको उत्पादन पश्चात उपभोक्ता समक्ष पुग्ने अवस्था सम्मको पाटो अर्थात प्रशोधन, विविधिकरण र बजारिकरणमा संलग्न सहकारी संस्था, कृषक समुह/समिति, व्यावसायिक संघ/संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरु संगको लागत साझेदारीमा पशुजन्य उद्योगको स्थापना र संचालन गरी पशुपालन क्षेत्रको व्यावसायिकरण र औद्योगिकरणबाट पशुपंक्षीजन्य पदार्थको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान पुर्‍याउने लक्षका साथ पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

### १८. पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया

क)सम्बन्धित कार्यालयले पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख) दूध, फुल, मासु, हाड, छालाऊन र अन्य पशुपंक्षीजन्य उत्पादनमा आधारित घरेलु, साना तथा मझौला उद्योग संचालनमा संलग्न सहकारी संस्था, कृषक समुह/समिति, व्यावसायिक संघ/संगठन,फर्म, कम्पनी र निजी उद्यमीहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने पशुजन्य उद्योगको पूर्वाधार विकास र उत्पादन विविधिकरणलाई प्राथमिकता दिइनेछ ।

ग) पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने साझेदारी रकम उद्योगको प्रकृति अनुसारका भौतिक संरचना निर्माण/सुधार, यन्त्रउपकरण र मेशिनरी खरिद तथा जडान, प्रशोधन, प्याकेजिङ्ग र भण्डार समबन्धि औजार उपकरणहरु एवम नास नहुने खालका अन्य सामग्रीका लागी खर्च गर्न सकिनेछ ।तर उक्त कुराहरुको निर्क्यौल गरी सम्वन्धित कार्यालयले द्धपक्षिय सम्झौता पत्रमा उल्लेख गर्नेछ ।

घ) निजी जग्गा, लिजमा भएमा १० बर्षको लिज वा सहकारीको जग्गा वा सरकारी जग्गा भाडामा लिई संचालन गर्न सकिनेछ ।

ङ) उपरोक्त उद्योगहरु स्थानिय तहले तोकेको मापदण्ड बमोजिम हुनुपर्नेछ ।

च) मासु उद्योग संचालकले खाद्य अनुज्ञापत्र लिएको हुनुपर्नेछ ।

## परिच्छेद ११

### १९. चिलिङ्गभ्याट स्थापना कार्यक्रम

गाईभैंसी पालनको व्यावसायिकरण तथा दिगोपन सुनिश्चितताका लागिदुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग,व्यवसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुसंगको लागत साझेदारीमा चिलिङ्गभ्याट स्थापना र संचालनका कार्यक्रमहरु संचालन गरिनेछ ।

### २०. चिलिङ्गभ्याट स्थापना कार्यक्रम संचालन प्रकृया

क) सम्बन्धित कार्यालयले चिलिङ्गभ्याट स्थापना कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख)चिलिङ्गभ्याट स्थापना सन्चालन गर्दा दूग्ध उत्पादन, संकलन र बिकि वितरणमा संलग्न दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुले प्राथमिकता पाउनेछन् ।

ग) सकभर गाईभैंसी पालन पकेट क्षेत्रलाई लक्षित गरी धेरै कृषकहरुलाई पायक पर्ने तथा बाटो, पानी र बिजुलीको सुविधा भएको स्थानमा चिलिङ्गभ्याट स्थापना गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

घ)चिलिङ्गभ्याट स्थापना कार्यक्रममा लागत साझेदारी गरी सामेल हुनका लागी सम्बन्धित साझेदारले यस निर्देशिका बमोजिमका अन्य प्रावधानहरुका अतिरिक्त निम्न शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

१.३०० लिटर क्षमताको चिलिंग भ्याट स्थापनाको लागि कम्तिमा २५० लिटर, ५०० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी सो स्थानमा दैनिक कम्तिमा ४०० लिटर, १००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी दैनिक कम्तिमा ८०० लिटर, २००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी दैनिक कम्तिमा १६०० लिटर र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागी दैनिक कम्तिमा २५०० लिटर दुध संकलन र बिकिवितरण भैरहेको हुनु पर्नेछ ।

२. स्थापित चिलिङ्गभ्याट कम्तिमा ५ बर्ष सम्म सोही स्थानमा सञ्चालित रहने र अन्यत्र हस्तान्तरण वा बेचविखन नहुने प्रत्याभुती हुनु पर्नेछ ।

ङ) चिलिङ्गभ्याट स्थापना कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

१.चिलिङ्गभ्याट खरिद, ढुवानी र जडान सम्बन्धि ।

२. चिलिङ्ग सेन्टरमा ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण ।

३.बिद्युत जडान र सफा पानीको नियमित आपूर्ती सम्बन्धि निर्माण ।

४.दूग्ध संकलन तथा बिक्री वितरण पानी नजम्ने र सजिलै संग सफा गर्न सकिने किसिमले ढलान गर्न वा टायल लगाउन ।

## परिच्छेद १२

### २१. डेरी पसल निर्माण/सुधार कार्यक्रम

दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरु संगको लागत साझेदारीमा डेरी पसल निर्माण/सुधारको कार्यक्रम संचालन गरिनेछ ।

## २२. डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रकृया

क) सम्बन्धित कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख)डेरी पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिकि वितरणमा संलग्न दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समुह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुले प्राथमिकता पाउनेछन् ।

ग) डेरी पसल निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

घ. डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० लिटर दूध वा सो बराबरको दुग्धजन्य परिकारबिकि वितरण गरिरहेको हुनु पर्नेछ ।

ङ) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

१. बिकि कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट, बोर्ड/व्यानर आदी ।
२. मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।
३. भेण्डिङ्ग मेशिन खरिद र जडान ।
४. मिल्क डिस्पेन्सर खरिद
५. डेरी पसलको सजावट र फोहोर व्यवस्थापन आदी ।

च) सुधारिएको डेरी पसलनिम्न मापदण्ड अनुसारको हुनु पर्नेछ । अन्यथा सम्बन्धित कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१.ठूलो पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई १२ फिट र चौडाई १० फिट भएको ।
२.पसलको ऊँचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।
३.भित्ता पक्का खालको र भित्ताको भित्री भागमा ६ फिट ऊँचाई सम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथी सेतो रङ्ग लगाएको ।
४.बिकि कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल/मार्वल लगाई सजिलै सफागर्न सकिने किसिमको ।
५.डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हनुकासाथै फोहर व्यवस्थापनको प्रवन्ध भएको ।
६.डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले वनेको ।
७.डेरी पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव लगाएको ।
८.डेरी पसलमा झिङ्गा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली/ढोकाको व्यवस्था भएको ।
९.डेरी पसलमा डिपफ्रिज वा चिलरको व्यवस्था भएको ।

छ) यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गर्न प्रस्तावित डेरी पसल स्थानिय निकाय वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण भएको हुनु पर्नेछ ।

## परिच्छेद १३

## २३. मासु पसल निर्माण/सुधार कार्यक्रम

स्थानिय निकाय, मासु व्यवसायी संघ/समिती, कृषक समुह/समिति, र मासु उद्यमी/व्यापारीहरु संगको लागत साझेदारीमा मासु पसल निर्माण/सुधारको कार्यक्रम संचालन गरिनेछ ।

**२४. मासु पसल निर्माण/सुधार कार्यक्रम सन्चालन प्रकृया**

क) सम्बन्धित कार्यालयले मासु पसल निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ख) मासु पसल निर्माण/सुधार कार्यक्रम सन्चालन गर्दा मासुको कारोबारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने स्थानिय निकाय, मासु व्यवसायी संघ/समिती, कृषक समुह/समिति, र मासु उद्यमी/व्यापारीहरुले प्राथमिकता पाउनेछन् ।

ग) मासु पसल निर्माण/सुधारको कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

घ)यस कार्यक्रम अन्तर्गत निर्माण/सुधार गरिएको मासु पसल स्थानिय निकाय वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनु पर्नेछ ।

ङ) मासु पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा १०० किलो मासु बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ ।

च)मासु पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

१. स्वच्छ पिउने पानीको व्यवस्था (ओभरहेड ट्यांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।
२. मासु पसलको कोठा बनाउने, भित्ता र भुंईमा टायल लगाउने वा मार्वल विछाउने ।
३. पशुवस्तु बधगर्दा निस्कने फोहोर व्यवस्थापन ।
४. शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार ।
५. पशुको जात अनुसारको मासु अलग अलग राखी बेच्नका लागी शिशाको पार्टिशन ।
६. अगाडीको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण/सुधार ।
६. पशुवस्तु काट्ने, भुत्ल्याउने र सफा गर्ने स्ल्याब (टेबुल) निर्माण ।
७. ताजा मासु राख्ने डिप फ्रिज, फ्रिज आदीको व्यवस्था ।
८. उपकरण खरिद जस्तैः मासु झुण्ड्याउने हुक, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेबल, चक्कुहरु, तराजु, अचानो आदि ।

छ) सुधारिएको मासु पसल निम्न मापदण्ड अनुसारको हुनु पर्नेछ । अन्यथा सम्बन्धित कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१. ठुलो आकारको मासु पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्वाई भएको तथा सानो पसलको हकमा लम्वाई १२ फिट र चौडाई १० फिट भएको ।
२. पसलको उचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।
३. भित्ताको भित्री भागमा ६ फिट उचाई सम्म सेतो रंगको टाएल लगाई त्यस भन्दा माथी सेतो रंग लगाएको ।
४. भुईमा नचिप्लने र पानी नजम्ने किसिमले ढलान गरिएको वा टाएल/मार्वल लगाई सजिलै सफागर्न सकिने किसिमको ।
५. मासु पसलमा सफा पानीको मात्र प्रयोग गर्ने गरिएको ।
६. मासु पसल हावादार र बिजुलीको सुबिधा भएमा सेतो ट्युवलाईटको प्रयोग भएको ।
७. मासु काट्ने औजार/उपकरण खिया नलागेको तथा गुणस्तरिय स्टेनलेस स्टीलले वनेको।
८. मासु राख्ने कोठामा सुर्यको प्रकाश सिधै नपर्ने ।
९. मासु टुक्राउने अचानो सफा र प्रयोग नभएका बखत छोपेर राखिएको ।
१०. मासु पसलमा काम गर्ने व्यक्तिले एप्रोन,गमवुट, मास्क, क्याप र ग्लोव लगाएको ।

११. पसलमा भिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोका लगाएको ।

ज)सम्बन्धित साभ्केदारले स्वस्थकर मासु विक्री वितरण सम्बन्धि आचार संहिता (Good Meat Handling Practice)लागु गर्न प्रतिवद्ध हुनु पर्नेछ ।

झ) सुधारिएको मासु पसलको सामान्य स्वरुप *अनुसूची १२*बमोजिमको हुनेछ । तर स्थान विषेशको आवस्यकता मुताविक सम्बन्धित कार्यालयको परामर्श लिई गरिएको सामान्य परिमार्जन सहितको मासु पसल सुधारमा लागत साभ्केदारी गर्न बाधा पर्ने छैन ।

## परिच्छेद १४

### २५. मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल प्रवर्द्धन कार्यक्रम

पशुपन्छी व्यवसाय प्रवर्द्धन, कृषि, औद्योगीक र पर्यटन क्षेत्रसंग सम्बन्धित मेला/महोत्सव/प्रदर्शनीहरुको सहआयोजक, प्रवर्द्धक र सहजकर्ताको रुपमा आर्थिक सहभागीता जनाई पशुपंक्षी उद्योग/वजारको प्रर्वद्धन गर्ने उद्येश्यले मेला/महोत्सव/प्रदर्शनी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

### २६. मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया

क) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले आफ्नो बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी बमोजिमस्थानिय निकाय जिल्ला, क्षेत्रिय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका मेला/महोत्सव/प्रदर्शनीहरुमा आर्थिक सहयोग प्रदान गरी सहआयोजक, प्रायोजक, प्रवर्द्धक, सहजकर्ताको रुपमासहभागीता जनाउन सक्नेछ ।

ख) त्यस्ता मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवलका आयोजकहरुले पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयलाई आर्थिक सहयोग प्रदान गरी आयोजक, प्रायोजक, प्रवर्द्धक, सहजकर्ताको रुपमा सहभागिताका लागी आधिकारिक अनुरोध गर्नेछ ।

ग) यसरी आर्थिक सहयोगका लागी अनुरोधभै आएका निवेदन उपर *अनुसूची १३* बमोजिमको पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समितिको बैठकबाट कुन संस्थालाई कति रकम उपलब्ध गराउने भन्नेनिर्णय गरिनेछ ।

घ) यसरी सहकार्यकालागी छनौट भएका मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल का आयोजकसंग पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले *अनुसूची १४* बमोजिमको द्विपक्षिय सम्झौता गर्नेछ । सहयोग रकमको भुक्तानी लगायतका अन्य शर्तहरु उक्त सम्झौता र सार्वजनिक खरिद (पहिलो संशोधन ) ऐन २०७३बमोजिम हुनेछ ।

ङ) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले प्रदान गर्ने सहयोग रकम मेला/महोत्सव/प्रदर्शनीको प्रचार प्रसार;जनचेतनामूलक पोस्टर, पम्पलेट, ब्रोसर आदीको छपाई; स्टल सजावट र व्यवस्थापन;पुरस्कार र सम्मान;अन्तरकृया गोष्ठि, प्राविधिक कार्यपत्र तयारी र प्रस्तुती जस्ता कार्यमा खर्च गर्न सकिनेछ ।

च) सहकार्य गरिएका मेला/महोत्सव/प्रदर्शनी/फेस्टीवल मा पशु सेवा विभाग मातहतका निकायको स्टल संचालन गरिएको भए उक्त रकमबाट प्रत्येक स्टलमा खटिएका कर्मचारीलाई अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसारउपलब्ध गराईने छ ।

## परिच्छेद १५

### २७. *पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समिती बैठक*

पशुजन्य उद्योगक्षेत्रको अवस्था, आवस्यकतार सम्भावनाहरु लाई सम्बोधन गर्दै उनीहरु संगको समन्वय, सहकार्य र एकताबाट पशुजन्य व्यवसाय प्रवर्द्धन गर्ने हेतुले पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समितीको बैठक आयोजना गरिनेछ ।

### २८. *पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समिती बैठक आयोजन प्रकृया*

क) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले आफ्नो बार्षिक स्विकृत कार्यक्रममा आवस्यक बजेटको व्यवस्था गरी आवस्यक्ता अनुसार *अनुसूची १३*अनुसारको पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समितीको बैठक आयोजन गर्नेछ ।

ख) बैठकमा आवस्यक्ता अनुसारका अन्य सहभागीहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

ग) समितीको सचिवालय पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयमा रहनेछ र समितिको बैठक बर्षमा कम्तिमा ६ पटक बस्नेछ ।

घ) यस्तो बैठकमा पशुपंक्षीजन्य उद्योग/व्यवसायमा संलग्न उद्यमी, व्यवसायी र सम्बन्धित सरकारी निकायको रुपमा रहेको पशु सेवा विभाग र मातहतका निकायहरुका सरोकार, चासो र समस्याहरु एजेण्डाको रुपमा प्रस्तुत हुन सक्नेछ ।

ङ) बैठकका छलफल, निष्कर्ष र सिफारिसहरु आवश्यक कारवाहीको लागी पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालयले पशु सेवा बिभाग मार्फत अगाडी बढाउनेछ ।

च) बैठकका सहभागीहरुलाई नेपाल सरकारको प्रचलित बैठक संचालन सम्बन्धि नर्मस्का आधारमा खाजा, स्टेशनरी र भत्ता प्रदान गरिनेछ ।

## परिच्छेद १६

### २९. *दिवस/झांकी प्रदर्शन कार्यक्रम*

निजामती दिवस, गणतन्त्र दिवस वा यस्तै प्रकारका राष्ट्रिय महत्वका दिवस/समारोहहरुमा नेपाल सरकारको आव्हान मुताविक पशु सेवा विभागका तर्फबाट सहभागीता र एक्यबद्धता जनाउदै पशु सेवा विभागका कृयाकलाप र उपलब्धिहरु झल्कने किसिमको झांकी प्रदर्शन गरी जनमानसमा सचेतना अभिबृद्धि गर्न तथा राष्ट्रिय महत्वका दिवसहरु मनाउन यो कार्यक्रम संचालन गरिनेछ ।

### ३०. *दिवस/झांकी प्रदर्शन कार्यक्रम संचालन प्रकृया*

क) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले आफ्नो बार्षिक स्विकृत कार्यक्रममा आवस्यक बजेटको व्यवस्था गरी दिवस/झांकी प्रदर्शन र समारोहहरुको आयोजना गर्नेछ ।

ख) झांकी प्रदर्शनलाई प्रभावकारी बनाउन पशु सेवा विभागका महानिर्देशकको अध्यक्षतामा पशु सेवा विभाग मातहतका केन्द्रिय कार्यालयहरुको बैठक डाकी आवस्यक छलफल, पूर्व तयारी र जिम्मेवारी बांडफांट गरिनेछ ।

ग) यस कार्यक्रमका लागी विनियोजित बजेटनिम्न कार्यमा खर्च गर्न सकिनेछ ।

१. झांकीका लागी आवश्यक्ता अनुसार सवारी साधन र अन्य उपयुक्त साधनभाडामा लिन ।

२. इन्धन खरिद र विद्युतिय सामग्री खरिद वा भाडामा लिन ।

३. सजावटका सामग्रीहरु खरिद र ढुवानी ।

४. प्रचार प्रशार सामग्री तयारी, खरिद र छपाई ।

५. तुल, व्यानर, पोस्टर छपाई ।

६. प्रदर्शनका लागी सान्दर्भिक डमी निर्माण र खरिद ।

७. भांकीमा प्रदर्शनमा संलग्न हुनेहरुको खाजा भत्ता ।

घ) झांकी प्रदर्शनमा संलग्न सवारी चालक र २ जना सम्म प्राविधिक कर्मचारीहरुलाई अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७० अनुसारउपलब्ध गराईने छ ।

ङ) दिवस/समारोहहरु आयोजना गर्दा नेपाल सरकारको प्रचलित गोष्ठि सम्बन्धि नर्मस्का आधारमा खर्च गर्न सकिनेछ । साथै यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४वमोजिमगर्नु पर्ने छ ।

## परिच्छेद १७

### ३१. *आपूर्ति स्थिती अनुगमन कार्यक्रम*

पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थको स्वच्छता र गुणस्तरियता कायम राख्दै सहज आपूर्ति सुनिश्चत गर्न आपूर्ति स्थिति अनुगमन कार्यक्रम संचालन गरिनेछ ।

### ३२. *आपूर्ति स्थिती अनुगमन कार्यक्रम संचालन प्रकृया*

क) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले आफ्नो बार्षिक स्विकृत कार्यक्रममा आवस्यक बजेटको व्यवस्था गरी आपूर्ति स्थिती अनुगमन कार्यक्रम संचालन गर्नेछ ।

ख) यसका लागी पशु सेवा विभाग मातहतका निकायहरु सम्मिलित निम्नानुसारको संयुक्त अनुगमन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयका कार्यक्रम निर्देशक/ वरिष्ठ अधिकृत | संयोजक |
| पशु सेवा विभागका अधिकृत प्रतिनिधि | सदस्य |
| पशु स्वास्थ्य निर्देशनालयका अधिकृत | सदस्य |
| स्थानीय प्रशासनको प्रतिनिधि | सदस्य |
| स्थानीय निकायको प्रतिनिधि | सदस्य |
| पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयका अधिकृत | सदस्य सचिव |

ग) संयुक्त अनुगमन समितिले अनुगमन तालिका, कार्यविधी, स्थान र अनुगमन फारमहरु स्वयं निर्धारण गर्नेछ ।

घ) यस कार्यक्रमका लागी विनियोजित बजेट निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

१. आवश्यकता अनुसार सवारी साधन भाडामा लिन ।
२. इन्धन खरिद ।
३. अनुगमन फारम तयारी र छपाई ।
४. प्रतिवेदन तयारी र छपाई ।
५. अनुगमनमा समितिका पदाधिकारीको खाजा र वैठक भत्ता ।

ङ) अनुगमनमा संलग्न अनुगमन समितिका पदाधिकारीहरुलाई अनुगमन गर्दा प्रतिदिन रु ५००।- (पाँच सय रुपैयां मात्र) का दरले खाजाखर्च र भत्ता वापत उपलब्ध गराईने छ ।

च) अनुगमनमा संलग्न सवारी चालक, संचारकर्मी/पत्रकार र प्रहरीहरुलाई समेत सोही मुताविकको खाजा र भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद १८

### ३३. *सचेतना अभिबृद्धि कार्यक्रम*

देशका विभिन्न भागमा पशु विकासमा कृयाशिलस्थानिय निकाय, सहकारी संस्था, गैरसरकारी संघ/संस्था, कृषक समूह/समिती/सहकारी, उद्यमी, व्यावसायी, उपभोक्ता, संचारकर्मी र अन्य सरोकारवालाहरु माझ सचेतना अभिवृद्धिका लागी यस्ताकार्यक्रमहरु संचालन गरिनेछन् ।

### ३४. *सचेतना अभिबृद्धि कार्यक्रम संचालन प्रकृया*

क) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले आफ्नो बार्षिक स्विकृत कार्यक्रममा आवस्यक बजेटको व्यवस्था गरी सचेतना अभिबृद्धि सम्बन्धि निम्न कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

१. स्वच्छ मासु, फुल उत्पादन र उपभोग प्रवर्द्धनका लागी सचेतना गोष्ठि

२. स्वच्छ दूध उत्पादन र उपभोग प्रवर्द्धनका लागी सचेतना गोष्ठि
३. पशु हाटबजार संग सम्बन्धित अन्तरकृया गोष्ठि
४. उपभोक्तावादी संघ/संस्था संगको समन्वयमा सचेतना गोष्ठि
५. जनचेतनामूलक सामग्रीहरुको प्रसारण
६. जनचेतनामूलक सामग्रीहरुको छपाई र वितरण
७. यस्तै प्रकृतिका सचेतनामूलक अन्य कार्यक्रमहरु ।

ख) पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनलयले सम्बन्धित स्थानिय तहको पशु सेवा प्रभाह गर्ने कार्यलयको समन्वयमा सान्दर्भिक सरोकारवालाहरुलाई आमन्त्रण गरी पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ उत्पादक, संकलक, प्रशोधक, व्यवसायी, व्यापारी, उपभोक्ता, संचारकर्मि आदीको सचेतना अभिबृद्धि संग सम्वन्धीत अन्तरक्रिया गोष्ठीहरुको आयोजना गर्न सक्नेछ ।
ग) त्यस्ता गोष्ठीहरुमा गोष्ठि आयोजनको उद्देश्य संग मेल खानेगरी दूध, फुल र मासु जस्ता पशुजन्य पदार्थको उत्पादन, संकलन, प्रशोधन, भण्डारण र बजारिकरणमा गर्नुपर्ने सुधार तथा पशु वधशाला/वधस्थल र मासु पसल सुधार सम्वन्धि विद्यमान ऐन कानुनको कार्यान्वयलाई सघाऊ पुग्ने किसिमका कार्यपत्रहरु प्रस्तुत गरिनेछ ।
घ) सचेतनामूलक गोष्ठि र अन्तरकृया जस्ता कार्यक्रमहरु उपभोक्ताबादी संघ/संस्था संगको समन्वय र अगुवाईमा *अनुसूची १५* बमोजिमको द्विपक्षिय सम्झौता मुताविक निजहरुलाइनै रकम प्रदान गरेर समेत संचालन गर्न सकिनेछ । यसरी कार्यक्रम सञ्चालन गर्दासार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को प्रावधानवमोजिमगर्नुपर्नेछ ।
ङ) त्यसैगरी आम उपभोक्ताको हित संरक्षणमा सघाउ पुग्ने गरी पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थको उत्पादन, बिक्रिवितरण र उपभोग प्रवर्द्धनमा सहायक हुन सक्ने किसिमका जनचेतनामूलक श्रव्यदृष्य सामग्रीहरु (Audio-visuals)प्रकाशन, प्रसारण र वितरण गर्न सकिनेछ ।
च) जनचेतनामूलक सामग्रीहरु रेडियो, टेलीभिजन, पत्रपत्रिका तथा आम संचारका माध्यमहरु मार्फत प्रचार प्रसार गरी सरोकारवालाहरुलाई सुसूचित गर्न सकिनेछ ।
छ) बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक जनचेतनामूलक सामग्रीहरुको उत्पादन र प्रचार प्रसारका लागी*अनुसूची १६* बमोजिमको सेवा करार संझौता गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

## परिच्छेद १९

**३५.मिट मार्ट स्थापना**

पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले स्थानिय निकाय/ मासु व्यवसायी संघ/समिति/ कृषक समुह, समिति/ मासु उद्दमी/व्यवसायीहरुसंगको लागत साझेदारीमा व्यवस्थित मीट मार्ट स्थापना कार्यक्रमसहकार्यमा संचालन गर्नेछ।पशु बधशाला/ बधस्थलमा पशु बध गरेर मासुको स्वच्छता र गुणस्तर कायम हुने गरी थोक तथा खुद्रा मासु बिक्री वितरण गर्न गराउन व्यवस्थित मासु बजारको अवधारणा ल्याइएको हो ।

**३६. मिट मार्ट स्थापना कार्यक्रम संचालन प्रकृया**

क) सम्बन्धित कार्यालयले पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।
ख) मीट मार्ट स्थापनाकार्यक्रमसन्चालनगर्दामासुकोकारोबारमासंलग्नवायसलाईव्यवस्थितगर्नचाहनेस्थानियनिकाय, मासुव्यवसायीसंघ/ समिती, कृषकसमुह/ समिति, रमासुउद्यमी/व्यापारीहरुलेप्राथमिकतापाउनेछन्।

ग) मीट मार्ट स्थापनाको कार्यक्रम महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, नगरोन्मुख बस्तिहरु तथा घना आवादी युक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ। छनौट हुने प्रस्ताव संख्याको आधारमा कार्यक्रमको स्थान विशेष प्राथमिकीकरण गरिनेछ ।

घ) यस कार्यक्रम अन्तर्गत निर्माण गरिएको मीट मार्ट स्थानिय निकाय वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण हुनुपर्नेछ।

ङ) मीट मार्ट स्थापना कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा २०० किलो मासु बिक्रि वितरण गरिरहेको हुनुपर्नेछ।

च) मीट मार्ट स्थापना कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ।

१. स्वच्छ पिउने पानीको व्यवस्था ओभरहेड ट्यांकी स्थापना, पाईपफिटिङ्ग, पानी तान्ने मोटरजडान आदि

२. मासु बिक्री कक्ष बनाउने, भित्ता र भुंई माटायल लगाउने वा मार्वल विछाउने।

३. मीट मार्टबाट निस्कने फोहोर व्यवस्थापन।

४. शौचालय र वासिङ्गवेसिन निर्माण/ सुधार।

५. डिस्प्ले फ्रीज खरिद

६. अगाडीकोआँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण/ सुधार।

७. मासुको स्वच्छ भण्डारण गर्न डिपफ्रिज, कोल्ड रुम आदीको व्यवस्था।

८. उपकरण खरिद जस्तैः मीट कटिङ मशिन, मीट स्लाइसिङ मशिन, स्टेनलेसस्टीलटेबल, चपिङ्गटेबल, चक्कुहरु, डिजिटल तराजु, आदि।

**यस्तो संरचनामा निम्न बमोजिम मापदण्ड तोकिएको हुनेछ ।अन्यथा सम्बन्धित कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।**

- स्वस्थ पशुको बध पशु बधशालामा गरी पशु चिकित्सकद्वारा खान योग्य भनी प्रमाणित गरिएको मासु र उपयुक्त चिस्यान कायम गरिएको मासु मात्र बिक्री वितरण गर्न पाइने छ ।
- आउटलेट न्यूनतम ८०० वर्ग फिटको हुनु पर्ने छ ।
- भित्तामा ६ फिटसम्म सेतो टाइल लगाइएको हुनु पर्ने छ, र भुईमा सेतो टाइल वा मार्बल लगाइएको हुनु पर्ने छ ।
- मीट मार्ट वातानुकुलित हुने व्यवस्था गर्नुपर्ने छ ।
- कम्तीमा ६ वटा डिस्प्ले रेफ्रिजेरेटर राख्नु पर्ने छ ।
- विभिन्न प्रकारको मासु छुट्टा छुट्टै राखी विक्रि वितरण गर्नुपर्ने छ।
- प्याकेजिङ् गरिएको विभिन्न किसिमको मासुलाई अलग अलग रेफ्रिजरेसन गर्नु पर्ने छ ।
- पसलमा चिस्यान कायम गर्न बिजुलीको बैकल्पिक व्यवस्था (जेनेरेटर) भएको हुनु पर्ने छ ।
- गुणस्तर तथा नाप तौल विभागबाट प्रमाणित इलेक्ट्रिक ब्यालेन्स हुनु पर्ने छ ।
- मासु टुक्राउने, प्याकिङ् र लेवल गर्ने मेसिन छुट्टै कोठामा हुनु पर्ने छ ।
- मीट मार्ट संचालन हुने क्षेत्र भित्र पशु बध गर्न पाइने छैन।
- मीट मार्टमा कोल्ड रुम रहनु पर्ने छ ।
- परमपरागत रुपले व्यवसाय गर्दे आएका पेशागत जातिलाई प्राथमिकता दिइएनेछ।

- पकाएको मासु पनी विक्री गर्ने हो भने काँचो र पकाएको मासुलाई भिन्दा भिन्दै क्षेत्रमा राखि विक्रि गर्नुपर्ने छ
- ३ फेजको लाइनवा □□□□□□□ पुग्ने व्यवस्था गनुपर्नेछ ।

**परिच्छेद २०**

**३७ .उत्पादन विविधिकरण तथा लघु उद्यम सुदृढिकरण कार्यक्रम**

दूध, फुल, मासु, छाला, हाड, ऊन र अन्य पशुपंक्षीजन्य उत्पादनमा आधारित घरेलु तथालघु प्रशोधन तथा उत्पादन विविधिकरण उद्योगहरु स्थापना र संचालनले पशुपालन क्षेत्रको व्यावसायिक रुपान्तरणमा मात्र टेवा पुग्ने नभई उत्पादन श्रृंखलामा मूल्य अभिबृद्धि, गुणस्तर प्रवर्द्धन र औद्योगिकरणमा समेत सहयोग पुग्दछ । तसर्थ विभिन्न खाले पशुजन्य उत्पादनहरुलाई तिनको उत्पादन पश्चात उपभोक्ता समक्ष पुग्ने अवस्था सम्मको पाटो अर्थात प्रशोधन, विविधिकरण र बजारिकरणमा संलग्न सहकारी संस्था, कृषक समुह/ समिति, व्यावसायिक संघ/ संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरु संगको लागत साझेदारीमा पशुजन्य व्यवसायको स्थापना र संचालन गरी ग्रामीण पशुपालन क्षेत्रको उत्पादनको बजार सुदृढिकरण गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

**३८.उत्पादन विविधिकरण तथा लघु उद्यम सुदृढिकरण कार्यक्रम संचालन प्रकृया**

क) यो कार्यक्रम ताप्लेजुङ्ग, खोटाङ्ग, सिरहा, नुवाकोट, सिन्धुली, दोलखा, सिन्धुपालचोक, रुकुम, प्युठान, गुल्मी, अर्घाखाची, स्याङ्जा, बागलुङ्ग, कपिलवस्तु, सल्यान, दैलेख, सुर्खेत,अछाम, बझाङ्ग, बाजुरा गरि २० जिल्लाबाट सुरु गरिनेछ (उपरोक्त जिल्लाहरु मध्य पहाडि लोक मार्ग नजिकका साथै बजारिकरण कार्यक्रम न्यून भएको हुनाले छनौट गरिएको)। हरेक वर्ष जिल्लाहरु सकभर नदोहोरिने गरी कार्यक्रम संचालन गरिनेछ ।

ख) सम्बन्धित कार्यालयले पशुपंक्षीजन्य उद्योग प्रवद्र्धन कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

ग) दूध, फुल, मासु, हाड, ऊन र अन्य पशुपंक्षीजन्य उत्पादनमा आधारित घरेलु तथा लघु उद्योग संचालनमा संलग्न सहकारी संस्था, कृषक समुह/ समिति, व्यावसायिक संघ/ संगठन, फर्म, कम्पनी र निजी उद्यमीहरु संगको लागत साझेदारीमा हाल संचालनमा रहेका वा नयाँ स्थापना हुने पशुजन्य व्यवसायको पूर्वाधार विकास र उत्पादन विविधिकरणलाई प्राथमिकता दिइनेछ ।

घ) यस कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालयबाट प्रदान गरिने साझेदारी रकम व्यवसायको प्रकृति अनुसारका भौतिक संरचना निर्माण/ सुधार, यन्त्रउपकरण र मेशिनरी खरिद तथा जडान, प्रशोधन, प्याकेजिङ्ग र भण्डारण समबन्धि औजार उपकरणहरु एवम नास नहुने खालका अन्य सामग्रीका लागी खर्च गर्न सकिनेछ । तर उक्त कुराहरुको निक्यौंल गरी सम्वन्धित कार्यालयले द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गर्नेछ ।

परिच्छेद २१

# सहकार्यमा ग्रामिण कुखुराको ह्याचरी स्थापना

देशको दुर्गम स्थान हिमाली,मध्य पहाडी तथा तराईको विकट क्षेत्रमा कुखुरापालन व्यवसायबाट आय आर्जन र रोजगारी श्रृजना गरी कुपोषण मुक्त समाजको निर्माण गर्ने उद्देश्य राखी ग्रामिण कुखुराको ह्याचरी स्थापना कार्यक्रम संचालन गरीएको छ ।

- निजी उद्यमीको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।यूवा व्यवसायीलाई प्राथमिकता दिइनेछ ।
- Pre Feasibility को प्रतिवेदन भएको ।
- Business Plan मा Profitable / sustainable देखिएको
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।
- लक्षित प्रकारकाह्याचरी नभएको जिल्लामा स्थापना हुनेछ ।
- कम्तीमा आफ्नै स्वामीत्वको न्यूनतम ५ रोपनी जग्गा भएको वा लिजमालिएको हुनुपर्ने। प्रस्तावको स्वामित्वमा जग्गा भएको प्रस्तावलाई प्राथमिकता दिइनेछ ।
- बाटो बिजुली पानीको सुविधा भएको
- ह्याचरी मापदण्ड अनुसार हुनुपर्नेछ
- ३ Phase लाइन लिएको हुनुपर्नेछ
- कम्तीमा ६५ के.भि.को जेनेटर हुनुपर्नेछ
- Setter र Hatcher बाट कम्तीमा महिनामा १००० देखि २००० चल्ला उत्पादन गरी विक्री वितरण गर्नुपर्नेछ ।
- कोइलर गिरीराज, Dual Purpose आदिलाइ प्राथमिकता दिइ व्यवसायिक सम्भाव्यताको आधारमा अन्यचल्लासमेत उत्पादन गर्न सकिनेछ ।
- Parent stock र Hatchery छुट्टाछुट्टै स्थापना हुनुपर्नेछ ।

परिच्छेद २२

# सहकार्यमा बंगुर तथा बाख्राको दाना उद्योग स्थापना

देशमा पशुको तथ्याङ्क अनुसार बाख्रा सबैभन्दा बढी र बंगुरको संख्या पनि अत्याधिक रहेको छ। हाल सम्म व्यवसायीक रुपले बाख्राको दाना उत्पादन गर्ने उद्योग नभएको रविद्यमान दाना उद्योगहरुले पनि बंगुरकोदाना किसानको माग र आवश्यकता अनुसारको परिमाण र गुणस्तरका दाना उत्पादन नभइरहेको परिप्रेक्ष्यमा यस्ता दाना उत्पादनलाई लक्षित गरी स्थापना हुने उद्योगमा नीजि क्षेत्रको लगानी आकर्षित गर्नु जरुरी देखिएको छ। त्यसको लागी लगानी गर्ने नीजि क्षेत्र वा सहकारीहरुसंग सार्वजनिक नीजि सहकारीको पद्धति अनुसार यो कार्यक्रम सञ्चालन गरिएको छ।

- चितवन, नवलपरासी, रुपन्देही र कास्की जिल्ला भित्रका स्थानमा तथा संचालन हुने उद्योगलाई प्राथमिकता दिइनेछ।
- Pre Feasibility को प्रतिवेदन भएको।
- निजी उद्यमी वा सहकारीको सहकार्यमा उद्योग स्थापना हुनेछ। निजि उद्यमीको हकमा यूवा व्यवसायीलाई प्राथमिकता दिइनेछ ।
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ।
- सकेसम्म आफ्नै स्वामित्वमा जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिइनेछ । सो नभएसरकारी जग्गा (स्कुल, गाउँपालिका र नगरपालिका, गुठी आदिको) वा नीजी जग्गा कम्तीमा २० बर्षको लिजमा लिएको हुनुपर्नेछ।यस्तो जग्गा कम्तीमा २० रोपनी हुनुपर्नेछ । निवेदन पेश गरेको अवस्थामा केही मात्र भएपनि पूर्वाधार निर्माण शुरु गरेको प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।
- उद्योग स्थापना गर्ने क्षेत्रमा बाटो विजुली पानीको सूविधा भएको हुनुपर्नेछ ।
- प्रस्तावकले प्रस्तावको साथ व्यावसायिक योजना पेश गर्नुपर्नेछ र उक्त योजनामा व्यवसाय दिगो र नाफामूलक हुने विषय स्पष्ट रुपमा देखिने हुनुपर्नेछ ।
- बाख्रा तथा बंगुरपालन सहकारी संघ वा निजी फार्मलाई लक्षित गरीकार्यक्रम संचालन गरिनेछ।
- दाना उद्योगको साथै साइलेज निर्माण गरी विक्रि वितरणको व्यवस्था गर्न सकिनेछ।
- प्रस्तावना पेश गर्ने अन्तिम मितिको दिन फार्म स्थापना भएको कम्तिमा एक वर्ष पुगेको हुनुपर्नेछ । हाल सञ्चालनमा रहेका दाना उद्योगभन्दा नयां दाना उद्योग स्थापना को लागीलगानी गर्न इच्छुक व्यवसायी वा सहकारीलाई प्राथमिकता दिइनेछ ।
- फार्मको चालु पूंजी (जग्गा बाहेक) कम्तीमा रु १ करोड हुनुपर्नेछ ।

- उद्योग स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन नियम पालन गरेको हुनुपर्नेछ ।
- सहकार्यमा प्राप्त अनुदानबाट उद्योगका लागि आवश्यक पर्ने कम्तीमा तपशीलका उपकरणहरुको व्यवस्थागर्नुपर्नेछ ।
  - Grinder
  - Mixture
  - Feed additive Mixture
  - Raw Material ( दाना Ingredients) Storage Tanker
  - Feed Factory Building शुरु मा कम्तीमा दैनिक २ टन-बाखा १ टन, बंगुर १ टन)
  - 3 phase line
  - 65 kv को जनेटर
  - Gunny Bag sewing Machine
  - Feed storage room
  - दाना ढुवानी साधन
  - Weighing machine
  - Feed Analytical Laboratory आदिमा खर्चगर्न सकिनेछ ।
  - दानाको साथै साइलेज उत्पादन तथा विक्रि वितरण गर्न सकिनेछ ।

परिच्छेद २३

# घाँस बजार स्थापना

**मानिसको खाना सँग प्रतिप्रर्धा नगरी दुध तथा दुग्धजन्य पदार्थ जस्ता अति अमुल्य पदार्थ उत्पादन गर्ने प्राणी गाई भैसीलाई आवश्यक पर्ने घाँस, दाना तथा आवश्यक सामानहरु एकै ठाउँमा उपलब्ध हुने हाल सम्म बजार नभएको हुँदा सो अति आवश्यक कुरा पुरा गर्ने उद्देश्यले घाँस बजार स्थापना कार्यक्रम राखिएको हो ।**

- सार्बजनिक जग्गा (स्कुल, गुठी, university, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका, बन) र दुग्ध, कृषि वा अन्य पशुसँग सम्बन्धित सहकारीको जग्गामा दुग्ध तथा पशुपालन सहकारी सँगको सहकार्यमा स्थापना गर्न सकिनेछ ।
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।
- १० बर्षसम्म सो बजारको स्वमित्व हस्तान्तरण वा विक्रि वितरण गर्न पाइने छैन ।
- जग्गा कम्तीमा १ विगाहा हुनुपर्नेछ ।
- बजारको सम्भाव्यता अध्ययन गरेको हुनुपर्नेछ ।
- घाँस तथा पशु आहार बजारको आधारभुत संरचना
- Loading Unloding संरचना, पानी, हावा तथा आगोबाट असर नपार्ने खाल्को संरचना
- दाना संग्रहको लागि सुरक्षित भवन भएको हुनुपर्दछ ।
- बिजुली पानी र ठुलो ट्रक जाने बाटो भएको
- office, Toilet र क्यान्टिनको व्यवस्था
- चारैतिरबाट बार बन्देजको व्यवस्था
- प्रत्येक प्रदेशको तोकिएको स्थानमा निर्माण गर्नुपर्ने
- उक्त बजारमा पशुलाई आवश्यक पर्ने दाना घाँस, पराल चोकर आदि देखि अन्य Accessories समेत विक्रि वितरण गर्न सकिनेछ ।
- सकेसम्म पशुपालन पशु हाटबजार तथा पशु संकलन केन्द्र नजिक भएकोलाई प्राथमिकता प्रदान गरिनेछ ।

परिच्छेद २४

# मासु बजार स्थापना

**महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका गाउपालिकाका घना बस्ती भएका ठाउँमा यत्रतत्र जतातत‌ै मासु पसल स्थापना भई बातावरण र मानव समुदायलाई नकारात्मक असर पर्न जाने देखिएको हुँदा एकै स्थानमा सवै प्रकारका मासु, माछा, अण्डा आदि पसलको स्थापना गरी नियमन र नियन्त्रण प्रभावकारी ढङ्गबाट गरी जनसमुदाय र वातावरणमा न्यूनतम असर पुऱ्याउने उद्देश्यले मासु बजार स्थापना कार्यक्रम शुरु गरिएको हो ।**

- सम्बन्धित महानगरपालिका वा नगरपालिका गाउपालिकाका माछा मासु व्यवसायी संघको सहकार्यमा
- एउटै स्थानमा एकै प्रकारको सरकारले मासु जाँच निर्देशिका, २०६४ मा उल्लेख गरेको मासु पसलको मापदण्ड पुरा गरे अनुसार व्यवस्था भएको कम्तिमा १० वटा मासु पसल भएको मासु बजार निर्माण हुनुपर्नेछ ।
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।
- एउटा मासु पसल कम्ति पनि १० X १५ फिटको हुनुपर्नेछ ।
- प्रत्येक माछा मासु तथा अण्डा पसललाई अनुदान स्वरुप बढिमा रु.५००,००० (पाँच लाख) प्रदान गरिनेछ ।
- कम्तिमा १० बर्ष संचालन गर्नुपर्नेछ ।

## परिच्छेद–२५
## दुध चिस्यान केन्द्र स्थापना

**देशमा कुनै पनि स्थानमा दुधको उत्पादन कम्तीमा २००० लिटर प्रति दिन औपचारिक क्षेत्रमा विक्रि वितरण हुने स्थानमा दुधको चिस्यान केन्द्र स्थापना गर्न सकिने छ । सो चिस्यान केन्द्रमा आवश्यक पर्ने पूर्वाधार निर्माण गर्न सकिनेछ ।चिस्यान केन्द्रको नजिक अर्को चिस्यान केन्द्र हुनु हुदैन । यसको दूरी तोकिएबमोजिम हुनेछ ।**

- **दुग्ध सहकारी संस्थाको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।**
- **५००० लिटरको चिलिङ्ग भ्याट, थ्रि फेजको लाईन वा जेनेरेटर व्याक अप, मिल्क एनालाईजर, क्रिम सेपेरेटर, आवश्यक भवन निर्माण, टायल फिटिङ्ग, ट्वाईलेट आदि पूर्वाधारमा खर्च गर्न सकिने छ ।**
- सम्बन्धित कार्यालयले कार्यक्रम संचालन गर्नका लागी प्राप्त कार्यक्रम बजेट र अख्तियारी अनुसार यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

परिच्छेद २६

## साप्ताहिक पशु हाटबजार

कृषकले उत्पादन गरेको पशुपन्छी माछा तथा पशुजन्य पदार्थहरुको विक्रि वितरण गर्ने थलोको निरन्तर विकास र व्यवस्थापन गर्न साप्ताहिक पशुपन्छी हाट बजार कार्यक्रम राखिएको हो ।

१) सार्वजनिकस्थल (स्कुल, स्थानिय तह, बन, गुठी आदि) वा सहकारीको जग्गामा संचालन गरिनेछ ।

२) आवश्यक संरचना गर्मी हावा पानीबाट बच्न टहरा तथा पक्की घर निर्माण, ट्वाइलेट पानी पसलको लागि आवश्यक संचरना निर्माण

३) बाटो पानी बिजुली भएको स्थानमा

४) साप्ताहिक पशुपन्छी हाटबजार व्यवस्थापन समिति वा सहकारी मार्फत संचालन गर्नुपर्नेछ ।

५) लिजको जग्गा भए कम्तीमा २० वर्षको हुनुपर्नेछ ।

६) अधिकत्तम रकम २५ लाख सम्म

७) सम्बन्धित कार्यालयले साप्ताहिक पशुहाटबजार कार्यकम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यकम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

परिच्छेद २७

# साना किसान लक्षित पशुपन्छी तथा पशुजन्य पदार्थ उत्पादन विविधिकरण कार्यक्रम

साना किसान जसले गाई भैसी १-४ वटा, बंगुर/सुगुर १-४ वटा, बाखा ३-६ वटा, कुखुरा ५०-१०० वटा सम्म पशुपालन, मासु पसल, डेरी पसल, पशु बधस्थल वा अन्य पशुजन्य पदार्थहरुको बजारीकरण गर्न चाहान्छन भने तिनको व्यवसाय प्रवर्द्धन गरी आय आर्जन र रोजगारी श्रृजनागर्ने उद्देश्यले यो कार्यक्रम शुरु गरिएको छ ।

## कार्यक्रम संचालन प्रकृया

१) साना किसानहरुको ५-१० जनासम्मको एक समूह गठन गरी दर्ता गरिनेछ ।

२) समूहको नाममा खाता खोलिनेछ ।

३) समुहका प्रत्येक किसानलाई तिनीहरुको आवश्यकता अनुसार बस्तुगत अनुदान खरिद गरी वा रु. २ लाख सम्म अनुदान रकम कार्यक्रम सम्पन्न भए पछि उपलब्ध गराइनेछ ।

४) समूहका सदस्यको आवश्यकता अनुसार तपशील अनुसार विभिन्न कुरामा खर्च गर्न सकिनेछ । गोठ सुधार पशुपन्छी खरीद पसल निर्माण, उपकरण खरिद आदिमा।

५) साना कृषक तथा साना व्यवसायीको दर्ता भएको समूहले निवेदन दिन सक्नेछन ।

६) प्रतिस्पर्धाको आधारमा स्थानिय तहको पशु सेवा कार्य संचालन गर्ने निकायको सिफारिसमा सो कार्य सम्पन्न गरिनेछ ।

७) सम्बन्धित कार्यालयले साना किसान लक्षित पशुपन्छी तथा पशुजन्य पदार्थ उत्पादन विविधिकरण कार्यक्रम संचालन गर्नका लागी बार्षिक स्विकृत कार्यक्रम बजेट र अख्तियारी मुताविक यसै कार्यविधिको परिच्छेद ३ दफा ५, ६ ७ र ८ बमोजिम प्रस्ताव आव्हान, छनौट, सम्झौता र भुक्तानीका प्रकृयाहरु अवलम्बन गर्नेछ ।

३९

क) यस कार्यविधि बमोजिम संचालन हुने पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका दौरान कुनै भ्रम वा विवाद श्रृजना भए निर्देशनालयको निर्णय अन्तिम हुनेछ ।

ख) सम्बन्धित साझेदारले पशु सेवा विभाग मातहतका निकायबाट हुने अनुगमन, निरिक्षण, तालिम र अवलोकन भ्रमणमा पूर्ण सहयोग गर्नु पर्नेछ ।

ग) लागत साझेदारीमा संचालित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रमको नियमित अनुगमन पशुपन्छि विकास मन्त्रालय, पशु सेवा विभाग, पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय, क्षेत्रिय / प्रादेशिकपशु सेवा निर्देशनालयबाट आवस्यकता अनुसार एवं सम्बन्धित जिल्ला पशु सेवा समन्वय र पशु सेवा केन्द्र स्थानिय निकायहरुबाट नियमित अनुगमन गर्नेछ ।

घ) कार्यक्रम कार्यानवयन सम्बन्धमा यसनिर्देशिकामा उल्लेख भएको हकमा सोही बमोजिम र प्रचलित कानूनको प्रतिकूल देखिने कुनै विषय देखिए सोबमोजिम नै हुनेछ ।

ङ) यस कार्यविधिका अनुसूचीहरु थप, घट, संशोधन, हेरफेर आवश्यकता र औचित्यताको आधारमा पशु सेवा विभागले गर्न सक्नेछ । विभागले त्यसको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

**४०. आर्थिक पक्षः**

कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिने छ ।

**४१. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय/ प्रादेशिक पशु सेवा निर्देशनालयजिल्ला पशु सेवा समन्वय कार्यालय र स्थानिय निकायको पशु सेवा कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय / प्रादेशिकपशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

**४२. शशोधन तथा खारेजी**

१. योकार्यांविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघटहेरफेर तथा खारेज गर्न सक्नेछ ।,

२. यस कार्यांविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**विविध**

# *अनुसूची १*

*दफा ५, खण्ड -क) सँग सम्बन्धित*

*प्रस्ताव आव्हानको सूचना*

नेपाल सरकार

पशुपंक्षी विकास मन्त्रालय

पशु सेवा विभाग

पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा **समन्वय**/गाउ, नगर, उपमहा, महानगरपालिका

हरिहरभवन/......../............

**प्रस्ताव आव्हनको सूचना**

प्रथम पटक प्रकाशित मिति २०.../.../...

यस निर्देशनालयको आ.व.२०.../... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु पशुपंक्षी बजारप्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक-जिल्ला विकास समन्वय समिति/महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउपालिका), सहकारी संस्था, व्यावसायीक संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक समुह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| *क्र.सं* | *कार्यक्रमहरु* | *संख्या* | *कूल अनुदान रकम रु* |
|---|---|---|---|
| १ | पशु बधशाला निर्माण/सुधार | | |
| २ | पशु बधस्थल निर्माण/सुधार | | |
| ३ | पशु हाटबजार निर्माण/सुधार | | |
| ४ | व्यवस्थित मिटमार्ट स्थापना | | |
| ५ | साना डेरी उद्योग प्रवर्द्धन | | |
| ६ | पशु संकलन केन्द्र निर्माण/सुधार | | |
| ७ | पशुपंक्षीजन्य उद्योग प्रवर्द्धन -ऊन, छाला, मासु आदी) | | |
| ८ | चिलिङ्गभ्याट वितरण (३००० लिटर) | | |
| ९ | चिलिङ्गभ्याट वितरण (२००० लिटर) | | |
| १० | चिलिङ्गभ्याट वितरण (१००० लिटर) | | |
| ११ | चिलिङ्गभ्याट वितरण (५०० लिटर) | | |
| १२ | चिलिङ्गभ्याट वितरण (३०० लिटर) | | |
| १३ | डेरी पसल निर्माण/सुधार | | |
| १४ | मासु पसल निर्माण/सुधार | | |
| १५ | सहकार्यमा ग्रामिण कुखुराको ह्याचरी स्थापना | | |
| १६ | सहकार्यमा बंगुर तथा बाखाको दाना उद्योग स्थापना | | |
| १७ | मिल्क भेन्डीङ्ग मेशिन स्थापना | | |
| १८ | दुग्ध चिस्यान केन्द्र स्थापना | | |
| १९ | घाँस बजार स्थापना | | |
| २० | मिल्कबार स्थापना | | |
| २१ | लघु डेरी उद्योग प्रवर्द्धन कार्यक्रम | | |
| २२ | मासु बजार स्थापना | | |

*नोटः अनुदान रकमको ५ प्रतिशत कन्टिनजेन्सी वापत कट्टा गरिनेछ।*

**प्रस्ताव-पत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरु :**

१. सहकार्यको लागि रु १० को हुलाक टिकट टांस गरेको निवेदन।

२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

३. सम्बन्धित कार्यालयले तोकेको ढांचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव तथा रु १० लाख भन्दा माथीको साझेदारी प्रस्तावको हकमा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत।

४. पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय र क्षेत्रिय पशु सेवा निर्देशनालयको प्रस्ताव आव्हानमा सम्बन्धित जिल्ला पशु सेवा समन्वयको सिफारिस र स्थानिय निकायको प्रस्ताव आव्हानमा सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस।

५. पशु हाट वजारको हकमा स्थानीय निकायको अनुमति पत्र ।
६. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणि प्रतिलिपी ।
७. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको करारनामा वा सम्झौता पत्र ।
८. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि ।
९. सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/कृषक समुह/समितिको हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायि लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्यसमितिको निर्णय ।
१०.कार्यक्रम कार्यान्वयन बर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रमाणित प्रतिलिपी ।
११. प्रस्तावकले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिये/नलियेको प्रतिबद्धता पत्र ।
१२. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।
१३. प्रस्तावक निकायका अद्यक्ष/ सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता वा सम्बन्धित वियको तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
१४. प्रस्तावकको वित्तीय क्षमता प्रमाणित गर्ने कागज - बैंक ग्यारेन्टी, टर्नओभर, बैंक बेलेन्स आदि ।

प्रस्तावपत्र र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढांचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरु यस कार्यालयको वेब साईट www. dlmp.gov.np वाट डाउनलोड गर्न सकिनेछ । अन्य थप जानकारीका लागी फोन नं.०१५५५४११० ५५५४११२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

*अनुसूची २:*

*दफा ५, खण्ड (ख) सँग सम्वन्धित*

## *प्रस्ताव-पत्रको नमूना*

| | | | | | |
|---|---|---|---|---|---|
| **पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सन्चालन सम्बन्धि प्रस्ताव-पत्र** | | | | | |
| | | | | | |
| ***क) प्राविधिक प्रस्ताव*** | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | |
| ३ | आवेदकको नाम | | | | |
| ४ | ठेगाना | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं । मोवाइल नं. | | | | |
| ६ | आवेदक संस्था/ फर्म/ कम्पनी/ उद्योग/ व्यवसायको दर्ता नम्बर | | | | |
| ७ | दर्ता भएको कार्यालय र मिति | | | | |
| ८ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी बर्षमा) | | | | |
| ९ | भ्याट/पान दर्ता नम्बर | | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | | | | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | | | | |
| | सम्बन्धित कार्यालयसंग माग रकम रु | | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | | | | |
| १३.१ | | | | | |
| १३.२ | | | | | |
| १३.३ | | | | | |
| १३.४ | | | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | | |
| १४.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | |
| १४.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | | |
| १४.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | | |
| ४.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिज) | | |
| १४.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्ने | | | | |
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | ***महिला*** | ***दलित*** | ***जनजाती*** | ***अन्य*** |
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण | | | | |
| १७.१ | | | | | |
| १७.२ | | | | | |

| | |
|---|---|
| १७.३ | |
| १८ | कृयाकलाप कार्यान्वयन योजना |

| | *कृयाकलाप* | *मार्ग* | *पौष* | *माघ* | *फाल्गुण* | *चैत्र* | *बैशाख* | *जेष्ठ* | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) |
| १९.१ | |
| १९.२ | |
| १९.३ | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |

| | *सहकार्य गर्ने अन्य निकायहरुको नाम* | *सहकार्य रकम रु* |
|---|---|---|
| | | |
| | | |
| | | |

| | |
|---|---|
| २१ | प्रस्तावकले बिगत बर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| २१.१ | |
| २१.२ | |
| २१.३ | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी (रु) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| २३.१ | |
| २३.२ | |
| २३.३ | |
| २४ | आवेदकसंग विद्यमान जनशक्ति विवरण |

| | *जनशक्तिको विवरण* | *दक्षता (शैक्षिक योग्यता/तालिम)* | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| २५ | त कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर |
| २५.१ | |
| २५.२ | |
| २५.३ | |
| २६ | वातावरणिय असर न्यूनिकरणका लागी अपनाईने उपाय |
| २६.१ | |
| २६.२ | |
| २६.३ | |
| २७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) |

| र्थिक प्रस्ताव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण | | | | | | | | |
| क.सं | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान (रु) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा (रु) | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |
| कुल जम्मा (रु) | | | | | | | | |
| थ उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु, कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं । | | | | | | | | |
| प्रस्तावक स्थानिय निकाय/सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको जिम्मेवार पदाधिकारीको | | | | | | | | |
| नाम : | | | | | | | | |
| पद: | | | | | | | | |
| हस्ताक्षर | | | | | | | | |
| मिति: | | | | | | | | |
| कार्यालय/संस्था/फर्मको छाप | | | | | | | | |

*नोट : आवश्यकता अनुसार लाईनहरु थप्न गर्न वा पेज सेटअप मिलाउन सकिनेछ ।*

**पुनश्च :**

प्रस्ताव-पत्रका साथ निम्न कागजातहरु अनिवार्य रुपमा सम्मिलित हुनु पर्नेछ । म्याद नाधि वा रित नपुगि पेश भएका प्रस्तावहरु मूल्यांकनमा सामेल गरिने छैन ।

| क.स. | आवश्यक कागजातहरुको विवरण |
|---|---|
| १ | सहकार्यको लागि रु १० को हुलाक टिकट टांस गरेको निवेदन । |
| २ | कको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी । |
| ३ | सम्बन्धित कार्यालयले तोकेको ढांचामा तयार गरिएको प्राविधिक र आर्थिक प्रस्ताव तथा रु १० लाख भन्दा माथीको साझेदारी प्रस्तावको हकमा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत । |
| ४ | पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय र क्षेत्रिय पशु सेवा निर्देशनालयको प्रस्ताव आव्हानमा सम्बन्धित स्थानिय निकाय सिफारिस र स्थानिय निकाय कार्यालयको प्रस्ताव आव्हानमा सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस । |
| ५ | पशु हाट वजारको हकमा स्थानीय निकायको अनुमति पत्र । |
| ६ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी । |
| ७ | लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको करारनामा वा सम्झौता पत्र । |
| ८ | प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपि । |
| ९ | सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनीको हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायि लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्यसमितिको निर्णय । |

| | |
|---|---|
| १० | कार्यक्रम कार्यान्वयन बर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रमाणित प्रतिलिपी । |
| ११ | प्रस्तावकले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र । |
| १२ | प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान । |
| १३ | कार्यान्वयन स्थलको फोटो |

*अनुसूची ३*

*दफा ५, खण्ड (ख) सँग सम्बन्धित*

*संक्षिप्त व्यावसायिक कार्ययोजनाको नमूना*

**पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सन्चालन सम्बन्धि संक्षिप्त व्यावसायिक कार्ययोजना**

| | |
|---|---|
| | **व्यावसायिक कार्ययोजना** |
| | ***पृष्ठभूमी*** |
| | (प्रस्तावित कार्यक्रम/व्यवसाय शुरु गर्नु पर्नाको कारण र समग्र परिस्थिती बारे उल्लेख गर्ने) |
| | व्यावसायको छोटो चिनारी |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायमा के र कसरी गर्न खोजिएको छ भन्ने कुरा उल्लेख गर्ने) |
| | बिद्यमान भौतिक तथा अन्य पूर्बाधारहरु |
| | वित कार्यक्रम/व्यवसाय सम्पन्न गर्नका लागी आवेदकसंग विद्यमान भौतिक, वित्तिय र प्राविधिक क्षमता वर्णन |
| | ***दिर्घकालिन सोंच, उद्देश्य र महत्व*** |
| | दिर्घकालिन सोंच |
| | (प्रस्तावित कार्यक्रम/व्यवसायबाट हासिल गर्न खोजिएको दिर्घकालिन लक्ष उल्लेख गर्ने) |
| | उद्देश्य |
| | (कार्यक्रम/व्यवसायले हासिल गर्ने तात्कालिक उद्देश्यहरु उल्लेख गर्ने) |
| | महत्व |
| | व्यवसाय संचालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने (स्थानिय तथा राष्ट्रिय तहमा) |
| | ***कार्यक्रम/व्यवसायको संभाव्यता विश्लेषण*** |
| | ***व्यवसाय योजना*** |
| | उत्पादन योजना |
| | (के, कती र कसरी उत्पादन गर्ने योजना छ भन्ने कुरा उल्लेख गर्ने) |
| | कच्चा पदार्थको उपलब्धता |
| | र कती कच्चा पदार्थको आवस्यक्ता पर्छ तथा सो कहांबाट र कसरी प्राप्त गरिन्छ भन्ने कुरा उल्लेख गर्ने ) |
| | उत्पादन हुने बस्तु र परिमाण |
| | र्यक्रम/व्यवसाय संचालन पश्चात दैनिक रुपमा उत्पादन हुने बस्तु र सेवाको परिमाण समेत उल्लेख गर्ने) |
| | प्रबिधी प्रयोगको सम्भाव्यता |
| | उत्पादनका लागी आवस्यक पर्ने प्रविधी, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी<br>श्चित गरिन्छ भन्ने कुरा उल्लेख गर्ने) |
| | ***बजारिकरण योजना*** |
| | दित बस्तुको सम्भावित बजार, बिकि योजना, गुणस्तर व्यवस्थापन र प्रतिष्पर्धामा कायम रहने योजना<br>गर्ने) |
| | ***व्यवस्थापन योजना*** |
| | व्यवस्थापनको उच्च तहमा रहनेहरुको नाम, पद, योग्यता, अनुभव र भूमिका आदी संक्षिप्त रुपमा उल्लेख गर्ने) |
| | ***वातावरणीयप्रभाब विश्लेशण*** |
| | प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक वा नकारात्मक प्रभावहरुको आंकलन गरी नकारात्मक प्रभाव नयूनिकरणका लागी के कस्ता उपायहरु अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने) |
| | ***लाभग्राही विश्लेशण*** |
| | ावित कार्यक्रम/व्यवसायका प्रत्यक्ष वा अप्रत्यक्ष लाभग्राहीहरुको संख्या तथा लैंगिक र सामाजिक वर्गिकरण |

| | |
|---|---|
| | सहित उनिहरुले कसरी लाभ प्राप्त गर्नेछन् भन्ने कुरा उल्लेख गर्ने । |
| | ***लागत लाभ विश्लेशण*** |
| | स्ता पूर्वानुमानहरुको आधारमा लागत लाभ विष्लेशण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका जिम आम्दानी खर्चको अनुमान लगाउने) |

| | **विवरण** | **प्रथम बर्ष** | **दोश्रो बर्ष** | **तेश्रोबर्ष** | **जम्मा** |
|---|---|---|---|---|---|
| | **पूजिगत खर्च** | | | | |
| | भौतिक निर्माण | | | | |
| | मेशिनरी/उपकरण | | | | |
| | **कुल पूजिगत खर्च** | | | | |
| | **चालु खर्च** | | | | |
| | उत्पादन समाग्री खरिद | | | | |
| | कर्मचारीलाई तलब भुक्तानी | | | | |
| | श्रमिक ज्याला भुक्तानी | | | | |
| | भाडा, पानी, बिजुली खर्च | | | | |
| | मर्मत सम्भार खर्च | | | | |
| | बिकिवितरण खर्च | | | | |
| | व्याज भुक्तानी (“च” को व्याज प्रतिशत अनुसार) | | | | |
| | **कुल चालु खर्च** | | | | |
| | **जम्मा खर्च** (क + ख) | | | | |
| | व्याज रहित अनुदान | | | | |
| | आफ्नै आयबाट बेहोरिने रकम | | | | |
| | व्याज तिर्नुपर्ने रकम [ग-(घ+ङ)] | | | | |
| | **आम्दानी** | | | | |
| | मूख्य उत्पादन बिकि | | | | |
| | सहायक उत्पादन बिकि | | | | |
| | **कुल आम्दानी** | | | | |
| | **खुद मुनाफा** (छ - ग) | | | | |
| | **ग्रस मार्जिन**(छ - ख) | | | | |
| | सांवा भुक्तानी (“च” को भुक्तानी) | | | | |
| | **खुद बचत** (ज - झ) | | | | |
| | डिस्काउन्टेड आम्दानी[छ÷(१ + व्याज%)^बर्ष] | | | | |
| | डिस्काउन्टेड खर्च[ग÷(१ + व्याज%)^बर्ष] | | | | |

| | | |
|---|---|---|
| | व्यावसायिक कार्ययोजना पेश गर्नेको | |
| | | |
| | | |
| | र | |
| | | |
| | ो छाप | |

## *अनुसची ४*

*दफा ५, खण्ड (ख) सँग सम्वन्धित*

## *लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र*

श्री ........................................ कार्यालयको मिति .......................... को ................. मा प्रकाशित सूचना अनुसार ............................. न.पा/गा.बि.स ........ वार्ड नं. ........................ गांउ/टोल बस्ने श्री .................................... ले लागत साझेदारीमा .................................... कार्यक्रम संचालनका लागी पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................. को ....... प्रतिशतले हुन आउने रु ................. अक्षरुपी ............................ बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

निवेदकको

दस्तखत:

नामः

मितिः

## *अनुसूची ५*

*दफा ५, खण्ड (ख) सँग सम्बन्धित*

## *सम्बन्धित निकायको सिफारिस पत्र*

श्री ................................ कार्यालयको मिति ................................ को ....................... मा प्रकाशित सूचना अनुसार ................................... न.पा/गा.बि.स .......... वार्ड नं. ................ गांउ/टोल बस्ने श्री ................................... ले लागत साझेदारीमा ................................... कार्यक्रम संचालनका लागी पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम संचालनका लागी उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफरिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको
दस्तखतः
नामः
मितिः

## *अनुसूची ६*

*दफा ५, खण्ड (ख) सँग सम्वन्धित*

## *निवेदनको ढांचा*

श्री ..................................

......................................

*विषयः प्रस्ताव पेश गरिएको बारे ।*

तहां कार्यालयको मिति.......................... को .................. मा प्रकाशित सूचना अनुसार म निवेदकले तपशिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सन्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको दस्तखतः

मितिः

<u>तपशिल</u>

प्रस्तावकको नाम र थरः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगानाः

संलग्न कागजातहरुको सूचीः

| | ातको विवरण | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची ७

दफा ६, खण्ड (ख) सँग सम्वन्धित

## प्रस्ताव मूल्याङ्कन फारम

| क.स. | मूल्यांकनका आधारहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **आवेदक सम्बन्धि** | | |
| १.१ | ***संस्थाको उमेर*** (व्यक्तिको हकमा सम्बन्धित कामको अनुभव) | १० | |
| १.१.१ | ३ बर्षभन्दा घटी | २ | |
| १।१।२ | ३ देखी ५ बर्ष सम्म | ४ | |
| १।१।३ | ६ देखी ८ बर्ष | ६ | |
| १।१।४ | ९ देखी ११ बर्ष | ८ | |
| १।१।५ | १२ बर्ष भन्दा बढी | १० | |
| १।२ | ***कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था*** | २० | |
| १।२।१ | सडक सुविधा भएको | ४ | |
| १।२।२ | बिजुलीको सुविधा भएको | २ | |
| १।२।३ | खानेपानीको सुविधा भएको | २ | |
| १।२।४ | जग्गाको स्वामित्व आफ्नै भएको | ८ | |
| १।२।५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्रउपकरण भएको | ४ | |
| १।३ | ***प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम*** (संथाको हकमा स्थायी कामदारहरुको | १० | |
| १।३।१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १।३।२ | ७ देखी १५ दिने अवधिको तालिम | ४ | |
| १।३।३ | १६ देखी ३० दिने अवधिको तालिम | ६ | |
| १।३।४ | १ महिना देखी ३ महिना अवधीको तालिम | ८ | |
| १।३।५ | ३ महिना भन्दा बढी अवधीको तालिम | १० | |
| १।४ | ***वित्तिय क्षमता*** | ४ | |
| १।४।१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| १।४।२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| १।५ | ***प्रत्यक्ष लाभाविन्वत संख्या*** | ५ | |
| १।५।१ | ५ जना सम्म | १ | |
| १।५।२ | ६ देखी १० जना सम्म | २ | |
| १।५।३ | ११ देखी १५ जना सम्म | ३ | |
| १।५।४ | १६ देखी २० जना सम्म | ४ | |
| १।५।५ | २१ जना भन्दा बढी | ५ | |
| १।६ | ***वातावरणिय उपयुक्तता*** | ६ | |
| १।७।१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| १।७।२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| १।७ | ***अन्य पक्षहरु*** | २० | |
| १।८।१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| १।८।२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | ५ | |
| १।८।३ | प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागी पूर्णांक, ४६ देखि ५५ को लागी ३ अंक, ५६ देखि ६५ को लागी १ अंक र सो भन्दा बढीलाइ शून्य अंक) | ५ | |
| १।८।४ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यवसाय | ५ | |
| १।८ | ***स्विकृत कार्यविधीका अनुसारका थप आधारहरु*** | २५ | |
| १।८।१ | आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| **१।८।२** | **प्रविधिक र आर्थिक प्रस्तावको गुणस्तर** | १० | |
| १।८।२।१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | |
| १।८।२।२ | आर्थिक प्रस्ताव गुणस्तर | ५ | |
| **१।८।३** | **व्यावसायिक कार्ययोजनाको स्पष्टता** | ५ | |

| | | | |
|---|---|---|---|
| १।८।३।१ | निर्देशनालयको फर्म्याट | ३ | |
| १।८।३।२ | कार्ययोजनाको विवरण | २ | |
| १।८।४ | मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ५ | |
| **१।८।५** | **पेश भएका विवरणहरुको विश्वसनियता** | **५** | |
| १।८।५।१ | सम्बन्धित स्थानियपशु सेवा कार्यालयको शिफारिस | १ | |
| १।८।५।२ | स्थानीय निकायको शिफारिस | १ | |
| १।८।५।३ | स्थानीय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता | १ | |
| १।८।५।४ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| १।८।५।५ | आधिकारिक निकायमा दर्ता नविकरण | १ | |
| | ***जम्मा*** | ***१००*** | |

*नोटः प्रस्ताव मुल्यांकन समितिले आवस्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार बुँदा नं. १.९ का उपआधारहरु परिमार्जन वा थपघट गरी सम्वन्धित कार्यालय प्रमुख वाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।पशुबधशाला निर्माण सुधार र पशु हाट बजार निर्माण सुधार कार्यक्रम अन्तरगतको मुल्यांकनमास्थानीय निकायको हकमा संस्थाको उमेर, प्राविधिक दक्षता, वित्तीय क्षमता, विवरणको विश्वसनीयता वापतको अङ्कमा पूर्णाङ्क प्रदान गरिनेछ ।*

## अनुसूची ८

*दफा ५, खण्ड (ग) सँग सम्बन्धित*

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

**क) सामान्य जानकारी**

*१. जिल्ला:*

*२. आवेदकको नाम:*

*३. कार्यक्रम सन्चालन स्थलको ठेगाना:*

*४. प्रस्तावित कार्यक्रमको नाम:*

*५. स्थलगत प्रमाणिकरण मिति:*

*६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण*

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**ख) आवेदकको मूल्याङ्कन**

| क.स. | विवरण | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वियन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागी जग्गा उपलब्ध हुनसक्ने सम्भावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वय स्थलमा बाटो, पानी, बिजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्ता छ/छैन | | |
| २ | **प्राविधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यकमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवस्यक प्राविधिक सेवाटेवा प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | **वित्तिय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवस्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौजदात वा हाल संचालित कारोवारको बचत छ/छैन | | |
| ३.३ | आवस्यक रकम वित्तिय संस्थाबाट श्रृण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | **वातावरणिय उपयुक्तता** | १० | |
| ४.१ | त कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुनसक्ने वस्ता था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्नसक्ने अवस्था छ/छैन | | |

| | | | |
|---|---|---|---|
| **५** | **अन्य पक्षहरु** | २० | |
| ५.१ | संस्थागत/व्यावसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवस्यक कच्चापदार्थ प्राप्त हुनसक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज बजारिकरण हुनसक्ने अवस्था छ/छैन | | |
| **६** | **स्थलगत प्रमाणिकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | **जम्मा** | १०० | |

*नोटः माथी उल्लेखित प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उत्तीर्ण हुनका लागि न्यूनतम ४० अङ्क प्राप्त गर्नु पर्नेछ । स्थलगत प्रमाणीकरणमा प्राप्त अंकले प्रस्ताव मुल्यांकनमा प्राप्त अंक र वरियताक्रममा भिन्नता पार्ने छैन तर निर्णायक प्रभावपार्न सक्नेछ ।*

**ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण**

| *स.* | *विवरण* | *संख्या* | *अवस्था* |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने**

१.

२.

३.

४.

५

**ङ) स्थलगत प्रमाणिकरण टोलीको राय**

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| | | *हुन्छ/हुँदैन* | *दस्तखत* |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## *अनुसूची ९*

*दफा ७, खण्ड (क) सँग सम्वन्धित*

## *पूँजिगत अनुदानबाट सन्चालन गरिने कार्यक्रमको द्विपक्षिय सम्झौता पत्र*

नेपाल सरकार,पशपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, ........................ कार्यालयको आर्थिक बर्ष ..................... को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ........................... कार्यक्रम संचालन गर्न श्री ........................................... कार्यालय, ..................... *(यसपछि प्रथम पक्ष भनिने)* र श्री ............................, ........................ *(यसपछि दोस्रो पक्ष भनिने)* बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

***तपशिल***

१.प्रथम पक्षले ....................... कार्यक्रमको लागी विनियोजित रु............ मध्ये ५ प्रतिशत कन्टिन्जेन्सि वापतको रु ............ कट्टा गरी दोश्रो पक्षलाई रु............... (अक्षरुपी..............) बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी ..................जिल्ला ................ गा.वि.स. ......... नं. वडाको .................. भन्ने स्थानमा यसै आर्थिक बर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३.दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नेछ ।

४.कार्यक्रम संचालनका लागी आवस्यक निर्माण सम्बन्धि डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिंग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५.दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिनेछ । वा

६.नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी बैङ्कखाता मार्फत गर्नेछ ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोश्रोपक्षले कार्यक्रम संचालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातकोसन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु सम्बन्धित स्थानिय निकाय मार्फत प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३.द्विपक्षिय सम्झौता मुताविकको काम नभै रमक दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाइन, एस्टिमेट र दरभाउ मेसिनरी, उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

**दोस्रो पक्षको तर्फवाट** **प्रथम पक्षको तर्फवाट**

*हस्ताक्षर* *हस्ताक्षर*

*नाम:* *नाम:*

*पद:* *पद:*

*कार्यालय:* *कार्यालय:*

*कार्यालयको छाप:* *कार्यालयको छाप:*

**रोहवर**

*हस्ताक्षर* *हस्ताक्षर*

*नाम:* *नाम:*

*पद:* *पद:*

*कार्यालय:* *कार्यालय:*

*कार्यालयको छाप:* *कार्यालयको छाप:*

इति सम्वत ……….. साल …………. महिना ……… गते रोज …….. शुभम् ।

*नोट: द्विपक्षिय सम्झौतामा आवस्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।*

## *अनुसूची १०:*

*दफा ६, खण्ड (ङ) सँग सम्वन्धित*

### पशु विकास कार्यदलमा रहने पदाधिकारीहरु

| | |
|---|---|
| प्रमुख, पशु सेवा शाखा स्थानिय निकाय | संयोजक |
| कार्यक्रम अधिकृत जि.वि.स.सदस्य | सदस्य |
| अधिकृत प्रतिनिधि, कृषि विकास कार्यालय स्थानिय निकाय | सदस्य |
| अधिकृत प्रतिनिधि, वन कार्यालय स्थानिय निकाय | सदस्य |
| प्रमुख, महिला तथा बालबालिका कार्यालय | सदस्य |
| प्रमुख, डिभिजन सहकारी कार्यालय (कार्यालय रहेका जिल्लाका लागि मात्र) | सदस्य |
| अध्यक्ष, जिल्ला दुग्ध उत्पादक सहकारी संघ | सदस्य |
| प्रतिनिधि, नेपाल डेरी संघ | सदस्य |
| पशुपालनमा लगानी गर्ने बैकहरुमध्येबाट १ जना प्रतिनिधि | सदस्य |
| जि.प.से.का प्रमुखले तोकेको अधिकृत | सदस्य-सचिव |


सरोकारवालामध्येबाट बढीमा तीन जनालाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

*अनुसूची ११*

*दफा १०, खण्ड (ग) सँग सम्वन्धित*

***पशु बधशाला/बधस्थलको स्वरुप***


## वधशालाको स्वरुप



अनुसूची १२:

दफा २४, खण्ड (झ) सँग सम्बन्धित

मासु पसलको स्वरुप



## *अनुसूची १३*

*दफा २८, खण्ड (क) सँग सम्वन्धित*

## *पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समितिको गठन*

कृषि विकास मन्त्रालयको मिति २०६७/०६/२० को निर्णय अनुसार गठित पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समितीमा निम्न बमोजिमका पदाधिकारीहरु रहने व्यवस्था छ।

| | |
|---|---|
| महानिर्देशक, पशु सेवा विभाग | अध्यक्ष |
| उपमहानिर्देशक, पशु सेवा विभाग योजना | सदस्य |
| उपमहानिर्देशक, पशु सेवा विभाग प्रशासन | सदस्य |
| कार्यक्रम निर्देशक, पशु स्वास्थ निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक, पशपंक्षी बजार प्रवर्द्धन निर्देशनालय | सदस्य सचिव |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास मन्त्रालय, अनुगमन तथा मूल्याकंन महाशाखा | सदस्य |
| प्रमुख, केन्द्रिय पशु क्वारेन्टाईन कार्यालय | सदस्य |
| बरिष्ठ पशु विकास अधिकृत, लाईभस्टक गुण व्यवस्थापन कार्यालय | सदस्य |
| कानून अधिकृत, पशु सेवा विभाग | सदस्य |

आवश्यक्ता अनुसार सम्बन्धित बिषयगत उपसमितिका ४ जना प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ।

*अनुसूची १४*

*दफा २६, खण्ड (घ) सँग सम्वन्धित*

*मेला/महोत्सव/प्रदर्शन/फेस्टीवल प्रवर्द्धनसम्झौता पत्र*

**सम्झौता पत्र**

पशु सेवा विभागका श्रीमान महांनिर्देशकज्युको अध्यक्षतामा मिति ............... मा बसेको पशुजन्य व्यवसाय प्रवर्द्धन संयुक्त समन्वय समितिको निर्णय अनुसार .................................. आयोजन/प्रायोजन/प्रवर्द्धनको लागी ....................... को मिति ............... च.नं ................. को प्राप्त पत्रानुसार नेपाल सरकार, कृषि विकास मन्त्रालय, पशु सेवा विभाग, पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय*(यसपछि प्रथम पक्ष भनिने)* र ..................................... *(यसपछि दोस्रो पक्ष भनिने)* वीच *"........................................."* मा पशुपंक्षी तथा पशुपंक्षीजन्य बस्तुहरुको उत्पादन, बजार, उद्योग, व्यवसाय प्रबर्द्धन हेतु तपसिल वमोजिमका शर्तहरु परिपालन गर्ने गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्न यो द्विपक्षिय सम्झौता पत्रमा दुवै पक्षले सहिछाप गरी बुझिलियौं/दियौं ।

***तपसिल***

१.प्रथम पक्ष, "..................................."को सहआयोजक/प्रायोजक/प्रवर्द्धक संस्थाको रुपमा रहनेछ ।

२. प्रथम पक्षले पशुपंक्षि तथा पशुपंक्षिजन्य बजार व्यवसाय प्रवर्द्धन, प्रविधि हस्तान्तरण तथा पशु सेवा प्रसार बीच समन्वय गर्ने उद्देश्यले यस महोत्सवका लागी रु ............. अक्षरुपी ............... (नियमानुसारको कर सहित) दोस्रो पक्षलाई उपलव्ध गराउनेछ ।

३.दोस्रोपक्षले प्रथमपक्षबाट उपलब्ध गराईने रकम सम्बन्धित क्षेत्रिय पशु सेवा निर्देशनालय वा जिल्ला पशु सेवा समन्वय वा स्थानिय निकायको सिफारिस सहित सक्कल बिल भर्पाई पेशगरी सोधभर्ना लिनु पर्नेछ ।

४. दोश्रो पक्षले पशुपंक्षिजन्य वस्तुको प्रदर्शन स्टलको भाडामा निम्न अनुसारको सहुलियत उपलब्ध गराउनु पर्नेछ ।

(क) दुग्ध उत्पादक सहकारी संघ/संस्था र पशुपालक कृषक/समुह/समितिलाई स्टल भाडामा पुरै छुट ।

(ख) साना डेरी उद्योग/व्यवसायी, पशुजन्य पदार्थबाट उत्पादित घेरेलु समानको प्रदर्शन स्टलको भाडामा कम्तीमा ७५ प्रतिशत छुट ।

५. महोत्सवका दौरान आयोजित गोष्ठि, तालिम र पुरस्कार सम्वन्धि खर्च पशु सेवा विभागको प्रचलित नर्मस/निर्देशिका वमोजिम गर्नु पर्नेछ र रकम उपलव्ध गराउने निकायको सहमतिमा कार्यक्रम संचालन गर्नु पर्नेछ ।

६.प्रतियोगितात्मक कार्यक्रमको मूल्यांकन कमिटिमा प्रथम पक्षको तर्फबाट सम्बन्धित स्थानिय निकायको पशु सेवा शाखाको प्रतिनिधि समेत रहनेछ ।

७. प्रथम पक्षलाई प्रविधि प्रसारको लागि आवश्यक पर्ने २ (दुई) वटा स्टल दोस्रो पक्षले निशुल्क उपलव्ध गराउनु पर्नेछ र सम्बन्धित स्थानिय पशु सेवा कार्यालयको सहमतिमा स्टलमा बस्नुपर्ने व्यक्तिको पारिश्रमिकको व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

८. "................................" को प्रचार प्रसारका लागी प्रकाशित गर्ने सामग्रीहरुमा प्रथमपक्षको निम्नानुसारको नाम तथा लोगो अनिवार्य रुपमा राख्नु पर्नेछ ।

९. कार्यक्रम संचालन तथा यस सम्बन्धि केही कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोस्रो पक्षको तर्फवाट** | **प्रथम पक्षको तर्फवाट** |
|---|---|
| *हस्ताक्षर* | *हस्ताक्षर* |
| *नामः* | *नामः* |
| *पदः* अध्यक्ष | *पदः* |
| *कार्यालयः* | *कार्यालयः* |
| *कार्यालयको छापः* | *कार्यालयको छापः* |

**रोहवर**

*हस्ताक्षर* *हस्ताक्षर*

*नामः* *नामः*

*पदः* *पदः*

*कार्यालयः* *कार्यालयः*

*कार्यालयको छापः* *कार्यालयको छापः*

इति सम्वत ........ साल ......... महिना ......... गते रोज ........ शुभम् ।

*नोटः द्विपक्षिय सम्झौतामा आवस्यकता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।*

*अनुसूची १५:*

*दफा ३४, खण्ड (घ) सँग सम्वन्धित*

## *सचेतना कार्यक्रम संचालन सम्झौता पत्र*

### सम्झौता पत्र

पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयको आ.व. ........... स्विकृत बार्षिक कार्यक्रम अनुसार ........... चौमासिकमा "उपभोक्तावादी संघ/संस्था संगको सहकार्यमा उपभोक्ता सचेतना कार्यक्रम" कार्यक्रम संचालनका लागी पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन (*यस पछि प्रथम पक्ष भनिने* ) र ......................... (*यस पछि दोश्रो पक्ष भनिने*) बीच तपशिल वमोजिमका शर्तहरुका अधिनमा रही उपरोक्त कार्यक्रम संचालनकालागि यो द्विपक्षिय संभ्कौता पत्र तयार गरि दुवै पक्षले दस्तखत र सहिछाप गरी बुझिलियौं/दियौं ।

### तपशिल

१) उपभोक्ता सचेतना कार्यक्रम संचालनका लागी निम्न बमोजिमका कृयाकलाप संचालनका लागी आवस्यक समन्वय, तयारी, सन्चालन र व्यवस्थापनको सम्पूर्ण जिम्मा देश्रोपक्षको हुनेछ ।

क)

ख)

ग)

२) प्रथमपक्षले उपरोक्त कार्यक्रम संचालनका लागी रु ............. अक्षरुपी .............. (नियमानुसारको कर सहित) दोस्रो पक्षलाई उपलव्ध गराउनेछ ।

२) कार्यक्रमसञ्चालनको जिम्मा दोश्रो पक्षको भए पनि कार्यक्रमका सहभागी र अन्य सरोकारवालाहरुको छनौट गर्दा प्रथम पक्षको समेत सहमती लिनु पर्नेछ ।

३) दोश्रो पक्षले कार्य सम्पादन सम्झौता मुताविकको कार्य गुणस्तरिय किसिमले समयमै सम्पन्न गरिसके पश्चात बिलविजक र अन्य आवश्यक कागजातहरु सहित भुक्तानिका लागी अनुरोध गरेपश्चात प्रथम पक्षले सम्झौतामा उल्लेख भएको रकम एकमुष्ट रुपमा भुक्तानि गर्नेछ ।

४) सम्झौतामा उल्लेख भएका कुराहरुको हकमा सम्झौता बमोजिम र अन्य कुराहरुका हकमा प्रचलित कानुनबमोजिम हुनेछ

५) कार्य संचालनका दौरान कुनै समस्या आईपरेमा वा कार्यक्रम परिमार्जन वा हेरफेर गर्नुपरेमा दुवै पक्षको सहमती अनुसार हुनेछ ।

***दोश्रो पक्षको तर्फवाट*** ***प्रथम पक्षको तर्फवाट***

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर |
| नाम : | नामः |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छापः |

***साक्षी*** *(दोश्रो पक्षको तर्फवाट)****साक्षी*** *(प्रथम पक्षको तर्फवाट )*

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर |
| नाम : | नामः |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छापः |

इति सम्वत ......... साल .............महिना .........गते .......रोज शुभम -----------------।

*नोटः द्विपक्षिय सम्झौतामा आवस्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।*

## *अनुसूची १६:*

*दफा ३४, खण्ड (छ) सँग सम्वन्धित*

## *सूचनामूलक सामग्री प्रकाशन/प्रशारण सम्झौता पत्र*

**कार्य सम्पादन संझौता-पत्र**

पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयको आ.व. ........... स्विकृत बार्षिक कार्यक्रम अनुसार ........... चौमासिकमा "सुचनामुलक सामग्री निर्माण र सम्प्रेषण (राष्ट्रिय स्तरका टि.भी., रेडियो, पत्रपत्रिका)" कार्यक्रम संचालनका लागी पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन (*यस पछि प्रथम पक्ष भनिने* ) र ......................... (*यस पछि दोश्रो पक्ष भनिने*) बीच तपशिल वमोजिमका शर्तहरुका अधिनमा रही उपरोक्त कार्यक्रम संचालनकालागि यो द्विपक्षिय संझौता पत्र तयार गरि दुवै पक्षले दस्तखत र सहिछाप गरी बुझिलियौं/दियौं ।

**तपसिल**

१.दोश्रो पक्षले आ.ब. .......... को .......... चौमासिक अवधिमा सम्पन्न गर्नेगरी पशुपंक्षी बजारिकरण तथा उपभोक्ता सचेतना अभिबृद्धिमा सहयोग पुग्ने किसिमको सुचनामुलक जिंगल/गीत/विज्ञापन/डकुमेन्ट्रि तयार गरी राष्ट्रिय/क्षेत्रिय स्तरको रेडियो/टेलिभिजन/पत्रपत्रिकाबाट प्रसारण/प्रकाशनको लागी आवस्यक तैयारी, समन्वय, व्यवस्थापन र कार्य सम्पादनको सम्पूर्ण अभिभारा वहन गर्नेछ ।

२. सूचनामूलक जिंगल/गीत/विज्ञापन/डकुमेन्ट्रि राष्ट्रिय/क्षेत्रिय स्तरको रेडियो/टेलिभिजन/पत्रपत्रिकाबाट ....... पटक प्रसारण/प्रकाशनको लागी प्रथम पक्षले नियमानुसारको कर सहित रु. .............. (अक्षरुपी ................ रुपैंयां) मात्र दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३.दोश्रो पक्षले कार्य सम्पादन सम्झौता मुताविकको कार्य गुणस्तरिय किसिमले समयमै सम्पन्न गरिसके पश्चात प्रशारण प्रमाणपत्र एवं अन्य आवश्यक कागजातहरु सहित भुक्तानिका लागी अनुरोध गरेपश्चात प्रथम पक्षले सम्झौतामा उल्लेख भएको रकम एकमुष्ट रुपमा भुक्तानि गर्ने छ ।

४. दोश्रो पक्षले सन्तोषजनक काम नगरेमा वा शर्त बमोजिमका कार्य गरेको नपाईएमा प्रथम पक्षले सुझाव र चेतावनी दिन सक्नेछ । चेतावनी पश्चात पनि दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेमा प्रथम पक्षले एकतर्फि रुपमा सम्झौता रद्द गर्न सक्नेछ ।

५. सम्झौतामा उल्लेख भएका कुराहरुको हकमा सम्झौता बमोजिम र अन्य कुराहरुका हकमा प्रचलित कानुनबमोजिम हुनेछ

६.कार्य संचालनका दौरान कुनै समस्या आईपरेमा वा कार्यक्रम परिमार्जन वा हेरफेर गर्नुपरेमा दुवै पक्षको सहमती अनुसार हुनेछ ।

***दोश्रो पक्षको तर्फवाट     प्रथम पक्षको तर्फवाट***

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर |
| नाम : | नामः |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छापः |

***साक्षी*** *(दोश्रो पक्षको तर्फवाट)* ***साक्षी*** *(प्रथम पक्षको तर्फवाट )*

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर |
| नाम : | नामः |
| पद : | पद : |
| कार्यालय : | कार्यालय : |
| कार्यालयको छाप : | कार्यालयको छापः |

इति सम्वत ......... साल .............महिना .........गते .......रोज शुभम -----------------।

*नोटः द्विपक्षिय सम्झौतामा आवस्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।*

# पशु सेवा विभाग अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

## पृष्ठभूमि

देशको कूल ग्राहस्थ्य उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भूमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार जति उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन बढाउने उद्देश्यले युवा लक्षित कार्यक्रम अन्तर्गत विशेष पशु उत्पादन (डेरी, बाखा, बंगुर र पशु सेवा बजार प्रवर्द्धन) कार्यक्रम संचालनार्थ प्रतिश्पर्धि रुपमा अनुदान प्रवाह गर्न नेपाल सरकारले गत आ.व. २०७०/७१ देखि युवालक्षित कार्यक्रम सञ्चालन गरेको र साथै यस आ.ब.मा समेत उक्त कार्यक्रमले निरन्तरता पाएको हुँदा सो कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न "पशु सेवा विभाग अन्तर्गत युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४" तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(क)यो कार्यविधिको नाम **"पशु सेवा विभाग अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४"** रहेको छ।

(ख) यो कार्यविधि पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**क)** **"युवा लक्षित कार्यक्रम"**(Youth Focused Program)भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक पशु उत्पादन (व्यवसायिक गाई भैंसी पालन), व्यवसायिक बंगुर प्रवर्द्धन, बाखा प्रवर्द्धन र पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

**ख)** **"युवा"** भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

**ग)"समिति"** भन्नाले जिल्ला विकास समन्वय समितिलाई जनाउदँछ ।

**घ)"स्कीम/परियोजना"** भन्नाले पशु उत्पादन (व्यवसायिक गाई भैंसी पालन), व्यवसायिक बंगुर प्रवर्द्धन, बाखा प्रवर्द्धन र पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम सञ्चालनको लागि तयार गरिएको प्रस्ताव भन्ने बुझ्नु पर्दछ ।

**ङ)"पशु विकास कार्यदल"** भन्नाले जिल्लामा पशु विकास सम्वन्धि कार्यक्रमहरुको पहिचान गरी तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्यांकनका लागि तोकिएवमोजिमका पदाधिकारी रहनेगरी गठन भएको कार्यदललाई जनाउछ ।

**च)** **"पालिका"**भन्नाले गाउपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका लाइ जनाउंछ ।

**३. <u>उद्देश्यः</u>** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः-

(क) गाईपालन, भैंसी पालन, बाखापालन, बंगुरपालन तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनिकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

**परिच्छेद-२**

**युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई भैंसी पालन) कार्यक्रम**

४. **युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया :**

युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क) स्कीम अवधि :** यो कार्यक्रम नेपाल सरकारले निर्णय गरे बमोजिम अवधिसम्म संचालन हुनेछ ।

**ख) स्कीमका लागि जिल्ला छनौटका आधारहरु :** व्यवसायिक गाईभैंसीपालनका लागी संभाव्य भएका तराई तथा मध्य-पहाडका कृत्रिम गर्भाधान र राष्ट्रिय पशु आहारा विकास अभियान कार्यक्रम लागु भएका जिल्लाहरुमा संभाव्यताको आधारमा पशु उत्पादन निर्देशनालयले जिल्लाहरुको प्राथमिकिकरण गरी जिल्लाहरुको छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरु जिल्ला पशु सेवा कार्यालय वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग) व्यवसायिक गाई भैंसी फार्मको वर्गिकरण**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

**१) साना व्यवसायिक गाई भैंसी फार्म :** यस कार्यक्रमको लागि ५-१० वटा उन्नत दुधालु गाईपालन वा भैंसीको हकमा न्यूनतम २ देखि ४ वटासम्म उन्नत दुधालु भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२) **मझौलास्तरका व्यवसायिक गाई भैंसी फार्म :** ११ देखि ३० वटासम्म उन्नत दुधालु गाई वा ५ देखि १२ वटासम्म उन्नत दुधालु भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्मलाई मानिने छ ।

३) **ठुला व्यवसायिक फार्म :** उन्नत दुधालु गाई ३० भन्दा माथि र उन्नत दुधालु भैंसी १२ भन्दा माथि पालन गरि दुग्ध उत्पादन/प्रशोधन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

(१) **साना व्यवसायिक फार्म :** उन्नत गाई भैंसी खरिद गरी विमा गरीएका प्रति उन्नत गाईको लागि बढीमा रु. २०,०००/- (बीस हजार) का दरले बढीमा रु. २,००,०००/- (दूई लाख) सम्म र प्रति भैंसी रु. ५०,०००/- (पचास हजार) का दरले बढीमा रु. २,००,०००/- (दूई लाख) सम्म नगद अनुदान उपलब्ध गराइनेछ ।

(२) **मझौला स्तरका व्यवसायिक गाई भैंसी फार्मको सुदृढीकरणका लागि** तपशिलमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्न प्रति फार्म वढीमा रु. ३,००,०००/- (तिन लाख) सम्म अनुदान उपलब्ध गराइनेछ ।

**कृयाकलापहरु**

फर्म सुदृढीकरणसंग सम्बन्धित कार्यहरु:

- गोठ निमार्ण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी ।
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य ( कृत्रिम गर्भाधान, उपकरण, ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो) आदी ।

**अनुदान दिइने आधारहरु:**

- ११–१५ दुधालु गाई वा दुधालु भैंसी ५-६ मा अधिकतम रु. २,२५,०००/-
- १६ –२० दुधालु गाई वा दुधालु भैंसी ७-८ मा अधिकतम रु. २,५०,०००/-
- २१–२५ दुधालु गाई वा दुधालु भैंसी ९-१० मा अधिकतम रु. २,७५,०००/-
- २६-३० दुधालु गाईमा वा ११-१२ दुधालु भैंसीमा अधिकतमरु. ३,००,०००/-

(३) उन्नत दुधालु गाई ३० भन्दा माथी र भैंसी दुधालु १२ भन्दा माथी पालन गरि व्यवसाय गरेका **ठूला व्यवसायिक गाई भैंसी पालन फार्महरुलाई यान्त्रिकरणको** लागि तपशिलमा उल्लेखित मेशिनरी औजार खरिद गर्न प्रति फार्म वढीमा रु. ४,००,०००/ (चारलाख) अनुदान उपलब्ध गराईने छ ।

- ३१–५० दुधालु गाई वा दुधालु भैंसी १३ –२० मा अधिकतम रु. ३,२५,०००/-
- ५१ –७५ दुधालु गाई वा दुधालु भैंसी २१-३० माअधिकतम रु. ३,५०,०००/-
- ७६–१०० दुधालु गाई वा दुधालु भैंसी ३१-४० मा अधिकतम रु. ३,७५,०००/-
- १०० भन्दा बढी दुधालु गाई वा ४० भन्दा बढी दुधालु भैंसीमा अधिकतम रु. ४,००,०००/-

**फार्म यान्त्रिकरणसँग सम्बन्धित कृयाकलापका लागि आवश्यक मेसिनरी औजारहरु :** मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फोडर/फोरेज ब्लक मेशिन/यू.एम.एम.बि मेशिन/विद्युतीय फिडर/ वाटरर/मिल्क क्यान/साईलो पिट/डिप वेल, डिप बोरिङ्ग/पाश्चुराईजर/मिल्क एनालाईजर/ फ्रिजर/चिलिङ्ग भ्याट आदी ।

ङ) **प्रस्ताव आव्हान :**व्यक्तिगत रुपमा यूवा कृषकले वा साझेदारीमा उन्नत गाई भैंसी फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्ममा यान्त्रिकरणका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जिल्ला पशु सेवा कार्यालयमा पेश गर्ने गरी पशु उत्पादन निर्देशनालयबाट प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची-१ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा सम्बन्धित निर्देशनालय वा केन्द्रीय कार्यालयहरुले प्रकाशन गर्नेछन् । आवेदन एवँ उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ (क) बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले सिफारिस सहित सो को विवरण पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छ:।

**<u>मूल्याङ्कन समितिको बनोट</u>**

१.सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजक: १ जना

२. पशु उत्पादन निर्देशनालयको वा पशु उत्पादन निर्देशनालयबाट तोकिएको अधिकृतस्तरको केन्द्रीय प्रतिनिधि, सदस्य: १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृत: सदस्य सचिव: १ जना

**छ) प्रस्तावहरुको स्वीकृति:**

१) मूल्यांकन समितिले अनुसूची-५ (क) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/ समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रिय कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२) स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल/समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूचि-४ (क) बमोजिम संझौता गर्ने दायित्व सम्बीन्धत जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

## परिच्छेद-३
## युवा लक्षित व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम

५. **<u>युवा लक्षित बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया</u>** :

**क) कार्यक्रम संचालन हुने जिल्लाहरुः** केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालयवाट संचालन गरिने कार्यकमको लागि पशु उत्पादन निर्देशनालयवाट जिल्लाहरुको छनौट गरिनेछ । जिल्ला पशु सेवा कार्यालयहरुले यस कार्यविधि अनुसार कार्यकम स्वीकृत तथा संचालन गर्न सक्नेछन् ।

**ख) कार्यक्रम संचालन अवधिः** यो कार्यक्रम नेपाल सरकारले निर्णय गरे बमोजिम अवधिसम्म संचालन हुनेछ ।

**ग) व्यवसायिक बाखा फार्मको वर्गीकरणः** यस कार्यक्रम अन्तर्गत व्यवसायिक बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छः

(१) **निजी व्यवसायिक बाखापालन फार्म** : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् ५० वटा प्रजनन् योग्य माउ बाखापालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यवसायिक बाखा फार्म मानिने छ ।

(२) **समूह वा समितिमा संचालन हुने व्यवसायिकबाखापालन फार्महरुः** कृषक समूह□ समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यवसायिक मानिने छ ।

(३) **सहकारीमा संचालन हुने व्यवसायिक बाखा पालन फार्महरु :** कम्तिमा २५ जना सदस्यहरुले बाखापालन गरिरहेको वा सो संख्याका कृषकहरुले बाखापालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तिमा औषत १० माउ बाखा ( सहकारीमा कम्तिमा २५० माउ बाखा) भएको फार्महरुलाई व्यवसायिक मानिने छ ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम**

(१) निजी व्यवसायिक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु २,००,००० (दुई लाख )

(२) समूह/समितिमा व्यवसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु १,५०,००० ( एक लाख पचास हजार)

(३) सहकारीमा व्यवसायिक बाखापालन फार्महरु स्थापना वा सृदृढिकरणका लागि बढीमा रु २,००,००० ( दुई लाख)

*नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम वरावरको लगानी गर्नु पर्ने छ ।*

**ङ) अनुदान रकमको उपयोग**

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण / सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद/कृ.ग. व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

**च) कार्यक्रम संचालन प्रकृया**

**१) प्रस्ताव आव्हानः** निजी फार्म/समूह/समिति/सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिकबाखा फार्म स्थापना वा सुदृढिकरणका लागि पशु उत्पादन निर्देशनालय वा केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची **१** बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव कमशः अनुसूची २ र ३ (ख) बमोजिम हुने छ ।

**झ) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले सिफारिस सहित सो को विवरण केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

२) भ्र (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छ।

**मूल्याङ्कन समितिको बनोट**

१.सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजकः १ जना

२. केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय वा पशु उत्पादन निर्देशनालयबाट तोकिएको अधिकृतस्तरको केन्द्रीय प्रतिनिधि, सदस्यः  १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृतः सदस्य सचिवः  १ जना

**ञ) मूल्यांकनका आधारहरुः**

मूल्यांकनका आधारहरु अनुसूचि ५ (ख) मा उल्लेख भए अनुसार हुनेछन् ।

**ट) प्रस्तावहरुको स्वीकृतिः**

१) मूल्यांकन समितिले अनुसूची ५ (ख) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रिय कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२) स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै द्विविधा भए पशु विकास कार्यदल/समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल/समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूचि-४ (क) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

## परिच्छेद-४

## युवा लक्षित व्यवसायिक बंगुर प्रवर्द्धन कार्यक्रम

### ६. युवा लक्षित बंगुर पालन कार्यक्रम सञ्चालन  प्रकृया :

क) स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**१. स्कीम संचालन हुने जिल्लाहरु** : प्राथमिकताको आधारमा छनौट गरिने ।

**२. स्कीम संचालन अवधि** : यो कार्यक्रम नेपाल सरकारले निर्णय गरे बमोजिम अवधिसम्म संचालन हुनेछ ।

**३. लक्षित वर्ग** : ग्रामिण युवा, रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धीत काममा दक्षता हासिल गरेका युवाहरुलाई मानव संसाधनको रुपमा रहेका १८ देखि ५० वर्ष उमेर समूहका व्यवसायीहरु । साथै सबै सामाजिक समूहका कृषकहरुलाई प्राथमिकता अनुसार समावेश गराईने छ ।

**ख) व्यवसायिक बंगुरपालनको वर्गीकरण :–**

यस स्कीम संचालन गर्नको लागि तपसिलमा बमोजिम ३ किसिमको बंगुर फार्महरु वर्गिकरण गरिने छः

**(१) साना बंगुरपालन फार्म** :

यस कार्यक्रमको प्रयोजनको लागि खोर निर्माण कार्य पुरा गरी बंगुरपालन शुरु गर्न तयारी अबस्थामा रहेको वा पाठापाठी उत्पादन (Breeding) का लागि भए कम्तीमा ५ वटा माउ  र मासु उत्पादन (Fattening)  को लागि भए कम्तीमा १५ वटा  बंगुर पालन गर्नु पर्नेछ ।

**(२) मझौला स्तरकावंगुरपालन फार्महरु :**

प्रत्येक कृषक सदस्यसँग कम्तीमा  १५ वटा प्रजनन् योग्य माउ बंगुर भएको वा मासु उत्पादनको लागि मात्र भए कम्तीमा ४५ वटा पाठापाठीको संख्यामा व्यवसाय शुरु गरेको साझेदारी फार्म वा निजी ब्यबसायीहरुलाई मझौला स्तरका ब्यबसायिक फार्महरु मानिने छ ।

**(३) ठूला व्यवसायिकवंगुरपालन फार्महरु :**

प्रत्येक सदस्यसँग कम्तिमा ३० वटा प्रजनन् योग्य माउ बंगुर भन्दा बढि संख्यामा व्यवसाय शुरु गरेको वा मासु उत्पादनको लागि मात्र भए कम्तीमा ६० वटा पाठापाठीको संख्यामा व्यवसाय शुरु गरेका निजी फार्म वा साझेदारी फार्महरुलाई व्यवसायिक बंगुर पालन फार्म मानिने छ ।

**ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम**

(१) व्यवसाय उन्मुख (साना) बंगुरपालन फार्मस्थापना वा सुदृढिकरणको लागि बढिमा रु.१,००,००० (एक लाख) मात्र एक पटक ।

(२) निजी वा साझेदारी अर्धव्यवसायिक (मझौला स्तरका) बंगुरपालन फार्महरु सञ्चालन र सुदृढिकरणका लागि बढिमा रु.१,२५,००० (एक लाख पच्चीस हजार) मात्र एक पटक ।

(३) निजी वा साझेदारी व्यवसायिक (ठुला) वंगुरपालन फार्महरु सञ्चालन र सृदृढिकरणका लागि बढिमा रु.१,५०,००० (एक लाख पचास हजार) मात्र एक पटक ।

**घ) रकमको उपयोग**

१) यस कार्यक्रमबाट उपलब्ध गराईने रकमले साना बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका निर्देशित बंगुरहरु खरिद गर्नु पर्ने छ। यो रकमबाट बंगुरको भाले खरिद, खोर निर्माण सुधार तथा खर्च भएर नजाने उपकरण सामाग्री आदिमा खर्च गर्न पाइने छ।

२) यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट मझौला बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका बंगुरहरु खरिद गर्नु पर्ने छ। यो रकमबाट बंगुरको भाले, खोर निर्माण तथा सुधार,बंगुरको लागि उपयोग हुने खर्च भएर नजाने उपकरण सामाग्री आदिमा मात्र खर्च गर्नु पाइने छ।

३) यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायिक बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका निर्देशित बंगुरहरु खरिद गर्नु पर्ने छ। यो रकमबाट बंगुरको खोर मर्मत सम्भार दाना उत्पादन गर्ने ग्रेण्डर मिक्चर र बायो ग्यासमा खर्च गर्नु पर्ने छ।

**ङ) प्रस्ताव आह्वान :**

प्रत्येक वर्ष निजी वा साझेदारी व्यवसायिक बंगुर फार्महरुबाट अनुसूची-१ अनुसार प्रस्ताव आह्वान गरिने छ। उक्त प्रस्तावको आह्वान केन्द्रीय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय हरिहरभवनवाट हुनेछ । ईच्छुक यूवाहरुले आवेदनको साथमा अनुसूची-३ (ग) बमोजिमको कार्ययोजना सहित प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची-२ अनुसार पेश गर्नुपर्नेछ।

च) **प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का वनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले सिफारिस सहित सो को विवरण केन्द्रीय वंगुर कुखुरा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ।

२) च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिल अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छः।

**मूल्याङ्कन समितिको बनोट**

१.सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजकः १ जना

२. केन्द्रीय बंगुर तथा कुखुरा प्रवर्द्धन कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि, सदस्य : १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृतः सदस्य सचिवः १ जना

**छ) मूल्यांकनका आधारहरुः**

मूल्यांकनका आधारहरु अनुसूची- ५(ग) मा उल्लेख भए अनुसार हुनेछन्।

ज) **प्रस्तावहरुको स्वीकृतिः**

१) मूल्यांकन समितिले अनुसूची-५ (ग) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रिय कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

२) स्वीकृति/अनुमोदनका लागि पशु विकास कार्यदल/समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ।

३) पशु विकास कार्यदल/समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूचि-४ (क) बमोजिम संझौता गर्ने दायित्व सम्बीन्धत जिल्ला पशु सेवा कार्यालयको हुनेछ।

## परिच्छेद-५
## युवा लक्षित पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम

**७. युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया :**

**क)** पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/पालिकाहरुले स्विकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रिय स्तरको पत्रिका तथा आफ्नो वेव साईटमा पशुजन्य उत्पादनहरुको बजार प्रबर्द्धन गर्न प्रथम चौमासिक अवधि भित्र ३५ दिनको सूचना प्रकाशन गरी तपसिल बमोजिम कृयाकलाप संचालनको लागि प्रस्ताव माग गर्नेछ ।

१. चिलिंग भ्याट स्थापना तथा सन्चालन
२. डेरी पसल निर्माण/सुधार
३. मासु पसल निर्माण/सुधार
४. छाला संकलन
५. स्थानिय स्तरमा जुत्ता तथा छालाका सामाग्रिहरु उत्पादन
६. स्थानिय स्तरमा उपलब्ध भेंडाको उन प्रशोधन तथा सामाग्रि उत्पादन
७. बिविध पशुजन्य उत्पादनहरुको बजारीकरण सम्बन्धि कार्यक्रमहरु

**ख)** सूचना प्रकाशन भए पश्चात ईच्छुक बेरोजगार युवाहरुले अनुसुची **२** अनुसारको निवेदन र अनुसुचि **३ (घ)** बमोजिम व्यवसायिक प्रस्ताव पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/स्थानिय पशु सेवा कार्यालयमा पेश गर्नु पर्नेछ ।

**ग)**प्रस्ताव पेश गर्दा अनुसुचि २ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुनु पर्नेछ।

**घ)** स्वीकृत बार्षिक कार्यक्रम बजेटमा उल्लेखित लक्षको आधारमा सार्वजनिक निजी साझेदारीमा अनुदान बितरण गरिनेछ ।

**ङ)** प्राप्तहुन आएका प्रस्तावहरु अनुसुचि **५ (घ)** को आधारमा छनौट र स्वीकृत गरिनेछ ।

**च)** प्रस्ताव स्विकृत भए पश्चात प्रस्तावक संग अनुसूची-४ (क)अनुसार द्बिपक्षिय सम्झौता गरिनेछ ।

**छ)** कार्य प्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम २ किस्तामा उपलब्ध गराईनेछ । पहिलो ५० प्रतिशत रकम सुरुको ५० प्रतिसत कार्य समाप्त भए पछि र बाँकीको ५० प्रतिशत रकम कार्य सम्पन्न भए पछी उपलब्ध गराईनेछ वा सम्झौता मुताविकका सम्पूर्ण काम सम्पन्न भैसके पश्चात आवश्यक कागजात र बिल भर्पाईको आधारमा एकमुष्ट भुक्तानि दिईनेछ ।

**ज) छनौट बिधि**

प्राप्त प्रस्तावहरु छनौट गर्न तपशिल अनुसारको छनौट समिति गठन गरिने छ ।

| | |
|---|---|
| सम्वन्धित कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको अधिकृत : | संयोजक |
| सम्वन्धित कार्यालयको योजना शाखा हेर्ने पदाधिकारी: | सदस्य |
| सम्बन्धित कार्यक्रम हेर्ने पशु सेवा विभाग, योजना शाखा | सदस्य |
| अधिकृत प्रतिनीधि सम्बन्धित अन्य सरकारी निकाय: | सदस्य |
| अधिकृत प्रतिनिधि केन्द्रीय निकाय (तोकिएको): | सदस्य |

**झ)**छनोट समितिले नियमानुसारको रित पुर्याई प्रस्तावहरु मध्येबाट अनुसुचि **५ (घ)** को आधारमा अनुदानका लागी उपयुक्त प्रस्तावहरुको छनौट गर्नेछ । प्रस्ताव छनौटको क्रममा प्रस्तावक हरुको समान अंक हुन आएमा पहिले दर्ता भएको प्रस्तावकलाई छनौट गरिनेछ ।

**ञ)**छनौट समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूचि-४ (ख) बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित पालिकाको कार्यालय वा पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालयको हुनेछ ।

## परिच्छेद-६

## विविध

८. **अनुगमन तथा मूल्याङ्कन व्यवस्था** : कृषि विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालयहरुबाट आवश्यकता अनुसार एवं सम्बन्धित निर्देशनालय र जिल्ला पशु सेवा समन्वय वा पालिकाबाट नियमित अनुगमन गरिनेछ र सो को लिखित प्रतिवेदन समेत पेश गरिनेछ ।

सम्बन्धित युवा उद्यमीले अनुसूचि-६ बमोजिम चौमासिक तथा बार्षिक प्रगति विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

९. **कार्वाहीको व्यवस्था** : प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कारबाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

१०. **प्रचलित कानून लागू हुने** : युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

११.**कार्यबिधि संशोधन तथा परिमार्जन** :पशुपन्छी बिकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ । कार्यविधिमा समावेश गरिएका अनुसूचीहरु औचित्यता र आवश्यकताको आधारमा पशु सेवा विभागले थप घट, हेरफेर, संशोधन गर्न सक्नेछ । सो को जानकारी पशुपन्छी विकास मन्त्रालयलाइ दिनुपर्नेछ ।

१२. **बिमा** :हरेक युवा लक्षित स्किम अन्तर्गत पशुहरु तथा व्यवसायको अनिवार्य रुपमा पशु विमा गराउनु पर्नेछ ।

१३. **खारेजी तथा बचाउ :**

क) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० र युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम, कार्यविधि, २०७० खारेज गरिएको छ ।

ख) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७० बमोजिम भए गरेका काम कार्यवाहीहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची - १

## पशु उत्पादन (गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**.......................... कार्यालय**

**युवा लक्षित कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : ...........**

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई **पशु उत्पादन (व्यवसायिक गाई भैसी पालन/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन**) सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी फार्महरुले सरकारी निकायवाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रक्रियामा समावेश हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपशिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपिहरु ।

५ बैदेशिक रोजगारीबाट फर्केको भए सोको प्रमाण

६ कार्यक्रम कार्यान्वयन गरी स्थलको फोटो ।

## अनुसूची - २

## पशु उत्पादन(गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त

## गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
जिल्ला पशु सेवा कार्यालय,
.............................. ।

**विषय : यूवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणीत प्रमाण पत्रहरु ( तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि ) आदिका प्रतिलिपीहरु

५. बैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि।

६. पर्यावरणिय असरको न्यूनीकरण गर्ने उपाय र जैविक शुरक्षा सम्वन्धि विवरण

७. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता

८. कार्यक्रम कार्यान्वयन स्थलको फोटो ।

निवेदकको

नाम :

दस्तखत :

संस्था/व्यक्ति:

ठेगाना :

**अनुसूची - ३(क)**

**पशु उत्पादन(गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यवसायिक कार्य योजना**

**युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई भैंसी पालन) कार्यक्रम**

यूवा/साझेदारी व्यवसायिक फार्मको नाम : सम्पर्क नम्बरः

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला :

गाईभैंसी पालन गरिने स्थान :

**<u>यूवा/साझेदारी व्यवसायिक गाई भैंसी पालन संचालन गरिने कार्य विवरणः</u>**

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

यूवा/साझेदारी व्यवसायिक विशेष पशु उत्पादन व्यवसायिक कार्य गर्ने व्यावसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

गाई भैंसी पालन गरेको भए, विगत कति वर्षदेखि गाई भैंसीपालन निरन्तर गरिरहेको वा कुन व्यावासय गरेको?
वर्ष..........महिना.........

गाई/भैंसीको जातः
गाई/भैंसीको संख्याः राँगा साँढेको संख्याः
व्यवसायको संक्षिप्त परिचय वा

गाईभैंसी पालन पद्धतिः
घाँस खेती गरेको/गरिने क्षेत्रफलः/ कति उत्पादन वा बिक्रि वितरण गरेको
घाँसको किसिमः/ कहाँबाट ल्याएको कस्लाई विक्रि गरेको
डाले घाँसको किसिम र संख्याः
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीकः महिला संख्याः......... पुरुष संख्याः .......
ख) बाहिरबाट महिला संख्याः......... पुरुष संख्याः .......
ग) जम्माः महिला संख्याः......... पुरुष संख्याः .......
उत्पादित वस्तुको बजार :
अपेक्षित वार्षिक प्रतिफल :

**यूवा/साझेदारी व्यवसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको :**
नाम : संस्थाको छापः
पद :
दस्तखत : मिति :

**सूची - ३(ख)**

**पशु उत्पादन(गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यवसायिक कार्य योजना**

## व्यवसायिक बाखा फार्म प्रवर्द्धन कार्यक्रम

१. व्यावसायको परिचय

२. उद्देश्यहरु

३. बाखापालन व्यवसायमा अनुभव

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण

५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु

६.सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा बाखापालन गर्ने फर्म/समूह/समिति/सहकारीले न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

प्रस्ताव पेश गर्ने

फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:

ठेगानाः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

बाखा पालन गरिने स्थान :

फर्म/समूह/समिति/सहकारीको तर्फ वाट सहि गर्नेको

नाम : संस्थाको छापः

पद :

दस्तखत : मिति :

## अनुसूची - ३(ग)

### पशु उत्पादन(गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यवसायिक कार्य योजना

### युवा लक्षित व्यवसायिक बंगुरपालन कार्यक्रम

फार्म/साझेदारी फार्म नाम : सम्पर्क नम्वर:
ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला
बंगुरपालन गरिने स्थान :
सहकार्यमा संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सहकार्यमा बंगुरपालन गर्ने व्यावसायि/साझेदारी फार्म न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

बंगुरपालन गरेको भए विगत कति वर्ष देखि बंगुरपालन निरन्तर गरि रहेको हो ? वर्ष.........महिना.......

बंगुरका जातहरु:

बंगुरको संख्या: माउको संख्या: पाठापाठीको संख्या: प्रजनन भालेको संख्या:

अन्य बंगुरको संख्या:

बंगुरपालन सुरु गर्ने भए पालन गरिने जात:

बंगुरको संख्या: प्रजनन भालेको संख्या: मासुको लागि पालन गर्ने भएमा संख्या:

खोरको अबस्था क) परम्परागत ख)सुधारिएको ग) आधुनिक

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिरवाट ग) दुवै

उत्पादित वस्तुको बजार :

अपेक्षित वार्षिक प्रतिफल :

निजी फार्म/साझेदारी फार्मको तर्फवाट सहि गर्नेको

नाम :
पद :

दस्तखत :
मिति :

संस्थाको छाप:

**अनुसूची - ३(घ)**

## पशु उत्पादन(गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यवसायिक कार्य योजना

## युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम

| | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावकको नाम र ठेगाना, टेलिफोन नं. | | | |
| २ | प्रस्तावकको फर्म भए दर्ता नम्बर | | | |
| ३ | दर्ता भएको कार्यालय र मिति | | | |
| ४ | भ्याट/पान दर्ता नम्बर | | | |
| ५ | शैक्षिक योग्यता | | | |
| ६ | तालिमको किसिम र अवधि | | | |
| ७ | बिदेशमा काम गरेर फर्केको भए काम गरेको देश | | | |
| ८ | बिदेश बसेको अवधि | | | |
| ९ | पासपोर्ट नम्बर | | | |
| १० | हाल पेश गरेको प्रस्तावको नाम | | | |
| ११ | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | | |
| १२ | उद्देश्यहरु: | | | |
| | | | | |
| १३ | प्रस्तावित कार्यक्रमबाट हासिल हुने प्रमुख ५ उपलब्धिहरु | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक पूर्वाधारहरु | | | |
| | सडक छ/छैन | | नजिकको बजारको नाम | |
| | कच्चि/पक्कि | | दुरी | |
| | बिजुली छ/छैन | | सदरमुकाम देखिको दुरी | |
| | पानीको व्यवस्था | | | |
| | प्रत्यक्ष लाभान्वित संख्या | | | |
| १५ | लक्षित समुदाय तथा परिवार संख्या | | | |
| १६ | सम्पन्न गर्ने कार्यक्रमहरुको बुंदागत बिवरणहरु | | | |
| | | | | |
| | | | | |
| | | | | |
| १७ | कुल अनुमानित कार्यक्रम बजेट रु. ......... | | | |
| १८ | प्रस्तावकले थप गर्ने बजेट रु. ......... | माग गरेको अनुदान रकम रु. ......... | | |
| १९ | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव भए परिमाण खुलाउने | | | |
| | क.सं | उपलब्धिहरु | | |
| | १. | | | |
| | २. | | | |
| माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार समेत रहेको ब्यहोरा अवगत गरांउछु /छौं । | | | | |
| प्रस्तावक को नाम र हस्ताक्षर | | | ठेगाना : | |
| संस्था/पद: | | | मिति: | |

**अनुसूची - ४ (क)**
**पशु उत्पादन(गाई भैंसीपालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र**

